का.जि.प्र.का.द.नं. १००/०५९/६०
२८ जेठ २०८२,
बुधबार
11 June, 2025
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २३, अंक १२९ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com



# पूर्वराष्ट्रपति भण्डारीसँग तरंगित एमाले

दुई पटक राष्ट्रपति बनेकी विद्यादेवी भण्डारी पछिल्लो पटक प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी ओलीलाई सशंकित बनाउनेगरी राजनीतिक गतिविधिमा सक्रिय छिन्



“तलतल ग्रुप बनेको सुनिरहेको छु, यो ग्रुप र त्यो ग्रुप एमालेमा आवश्यक छैन ।

■ **केपी शर्मा ओली**
**अध्यक्ष, नेकपा एमाले**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २७ जेठ ।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको राजनीतिक सक्रियतालाई लिएर अनेक विश्लेषण भइरुहेको छ । एमालेभित्रै मत बाँझिएको छ । एउटा पंक्तिले भण्डारीको सक्रियतालाई स्वागत गरिरहेको छ भने अर्को पक्षले चर्को आलोचना गरिरहेको छ ।

एमाले अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीकै विश्वास पात्र बनेर दुई पटक देशको सर्वोच्च ओहदा राष्ट्रपति बनेकी भण्डारी पछिल्लो पटक ओलीलाई नै संशकित पार्नेगरी राजनीति गतिविधि गरिरहेकी छन् ।

उनको राजनीतिक दौडधुपलाई एमालेको राजनीतिमा मात्रै नभइ नेपालकै कम्युनिष्ट राजनीतिमा विशेष चासोका साथ हेरिएको छ ।

उनी राष्ट्रपतिमा सिफारिस हुनुअघिसम्म ओलीकै समूहबाट उपाध्यक्ष थिइन् । भण्डारी गत साता १० दिने चीन भ्रमण सकेर स्वदेश फर्किनासाथ नेपालका वाममन्थी दलहरूले वाम एकताको चर्चा चलाएका थिए ।

तर भण्डारीले अहिले नै वामपन्थी एकता हुन नसक्ने प्रतिक्रिया दिँदै आएकी छन् । यद्यपि उनलाई नेकपा एमालेभित्रका एकाथरि नेताहरूले आगामी पार्टी नेतृत्वको भूमिकामा देख्न चाहेका छन् । तर अध्यक्ष ओली भने उनको पछिल्लो सक्रियताप्रति सन्तुष्ट छैनन् ।

चीन भ्रमण सकेर फर्किए लगत्तै कोशी प्रदेश पुगेकी भण्डारीको सक्रियतालाई लिएर गत आइतबार प्रधानमन्त्री एवं एमाले अध्यक्ष ओलीले टिप्पणी गरेका थिए । अनेरास्ववियुको महाधिवेशनलाई सम्बोधन गर्ने क्रममा ओलीले भण्डारीको राजनीतिक आगमनलाई अस्वीकार गरे ।

ओलीको अनुपस्थितिमा उनकै गृहजिल्ला झापा पुगेर नेता-कार्यकर्तासँग गरेको भेटघाटलाई अध्यक्ष ओलीले गुट निर्माण प्रयासको संज्ञा दिएका थिए । ‘तल तल ग्रुप बनेको सुनिरहेको छु’, भण्डारी लक्षित अभिव्यक्ति दिएका ओलीले भने, ‘यो ग्रुप र त्यो ग्रुप एमालेमा आवश्यक छैन । अहिले एमालेभित्र अर्को खेल हुन खोजेको छ । फलाना आउने रे, फलना आउने रे, को महासचिव, को उपाध्यक्ष, को कोषाध्यक्ष बन्ने रे ।’

भण्डारीलक्षित ओलीको अभिव्यक्तिले पार्टीभित्र भण्डारी समूह बलियो बन्न थालेको प्रष्ट देखिन्छ । भण्डारीले गुटबन्दी गर्न थालेको आरोप लगाउँदै त्यसको पछि नलाग्न ओलीले कार्यकर्तालाई निर्देशन समेत दिएका छन् ।

‘महाधिवेशनबारे हामीबीच छलफल भएकै छैन’, ओलीले एक कार्यक्रममा भनेका थिए । तर भण्डारीको गतिविधि रोकिएको छैन ।

एक वर्षयताको सक्रियताले राजनीतिमा फर्किसकेको सन्देश दिएको छ । गत हप्ता चीनको १० दिने भ्रमण सकेर नेपाल आउनासाथ पूर्वक्षेत्रको भेटघाटमा निस्कीएकी भण्डारी झापा, सुनसरी र मोरङका एमाले कार्यकर्ताहरूसँग भेटघाट सकेर मंगलबार काठमाडौं फर्किएकी छन् ।

काठमाडौं आउने क्रममा मोरङ विमानस्थलमा भण्डारीले नेता-कार्यकर्तासँग भेटघाट र छलफल गर्न पार्टीको अनुमति नचाहिने भन्दै अध्यक्ष ओलीको बोलीप्रति टिप्पणी गरेकी छन् । ‘एमाले मैले संगठित सदस्यता नलिँदैदेखि काम गरेको पार्टी हो’, ओलीको अभिव्यक्तिप्रति »» पृष्ठ २ मा

# ढुंगा–गिट्टीमा राजनीति
## निर्बाध निर्यात गर्ने सरकारको प्रयास

सर्वोच्च अदालतले संविधान अनुकूल हुनेगरी ढुंगा, गिट्टी, बालुवा जस्ता सामग्रीको निकासी गर्ने सम्बन्धमा संघीय संसदले कानुन नबनाएसम्म निर्यात गर्ने योजना कार्यान्वयन नगर्न सरकारलाई भनिसकेको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ जेठ ।

नेपालको व्यापार घाटा बढ्दो छ । कम गर्ने उपाय के छ ? जवाफमा जुन सरकार भए पनि व्यापार घाटा कम गर्ने उपाय अन्तर्गतको योजना भनेर आउँछ- वन पैदावार र नदीजन्य सामग्री विदेश निर्यात गर्ने ।

वर्तमान सरकारले पनि यही नीति ल्याउने प्रयास दोहोऱ्याउन खोजेको छ । यही जेठ १५ गते संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्यमा निर्माणजन्य सामग्री (ढुंगा, गिट्टी, बलुवा) को निर्यात गर्ने प्रावधान राखिएको छ । उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले यस्तो प्रावधान राख्नुको कारण दिएका छन्, ‘खानीजन्य पदार्थ निर्यात गरी व्यापार घाटा कम गरिनेछ ।’

ढुंगा, गिट्टी, बलुवाको निर्यात गर्दा सरकारको भूमिका के ? यसबारे योजना प्रष्ट छैन, बरु निजी क्षेत्रलाई सहभागी गराउने प्रस्ताव छ । प्रस्तावमा भनिएको छ, ‘प्राकृतिक तथा खानीजन्य बस्तुको व्यावसायिक उत्पादन र बजारीकरणमा निजी क्षेत्रलाई सहभागी गराइनेछ ।’



प्राकृतिक सम्पत्ति दोहन गर्नेहरु छन् । राजनीतिमा माफियाहरूको प्रभाव छ । स्वार्थ समूहको दबाबमा निर्यातका निम्ति अनेकन प्रयासहरु भइरहेका छन् ।

■ **दिनेश त्रिपाठी**
**वरिष्ठ अधिवक्ता**

निजी क्षेत्रलाई कसरी सहभागी गराउने ? यो प्रश्नमा प्रस्ताव मौन छ । तर, वातावरणीय प्रभाव अध्ययन गर्ने भनेर क्लाइमेट चेन्जसँग सम्बन्धित रहेर उठ्न सक्ने प्रश्नप्रति सरकार सतर्क हुन खोजेको छ ।

अगाडि भनिएको छ, ‘वातावरणीय प्रभाव अध्ययनबाट उपयुक्त र आर्थिक दृष्टिले सम्भाव्य देखिएका खानीजन्य र नदीजन्य निर्माण सामग्रीको उत्खनन् र प्रशोधन गरी आन्तरिक उपयोग र निर्यात गर्ने व्यवस्था मिलाइने छ ।’

यो वा त्यो तर्क गरेर सरकार किन ढुंगा-गिट्टी निर्बाध निर्यात गर्न खोजिरहेको छ ? अनि किन यसमा निजी क्षेत्रलाई सहभागी गराउन खोजिरहेको छ ? वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीका अनुसार स्वार्थ समूहको प्रभावमा राजनीति प्रभाव भइरहेको छ ।

उनी भन्छन्, ‘यहाँ प्राकृतिक सम्पत्ति दोहन गर्नेहरू छन् । »» पृष्ठ २ मा

नागरिकता विधेयक पारित

# अब आमाबाटै नागरिकता

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २७ जेठ ।



“आमा वा बाबुको नामबाट नागरिकता प्राप्त हुने व्यवस्था विधेयकमा छ । आमाको नामबाट नागरिकता लिँदा स्वघोषणा भने गर्नुपर्ने हुन्छ । त्यसरी गरिएको स्वघोषणा गलत ठहरिए १ वर्षसम्म कैद र जरिवानाको व्यवस्था राखिएको छ

■ **रामहरि खतिवडा**
**सभापति**
**राज्य व्यवस्था तथा सुशासन समिति**

प्रतिनिधि सभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिले नागरिकता ऐन संशोधन विधेयक पारित गरेको छ । समितिको सभाकक्ष सिंहदरवारमा मंगलबार बसेको बैठकले विधेयक पारित गरेको हो ।

विधेयकमा बाबुको नाम अनिवार्य राख्ने व्यवस्थाका कारण नागरिकता पाउन बञ्चित भएकाहरूले आमाको नामबाट नागरिकता पाउने व्यवस्था छ ।

सरकारले ल्याएको नागरिकता विधेयकमा आमाको नामबाट मात्रै पनि नागरिकता दिनेगरी व्यवस्था राखेर राज्यव्यवस्था तथा सुशासन समितिबाट विधेयक पारित गरिएको समिति सभापति रामहरि खतिवडाले जानकारी दिए ।

‘पहिले नागरिकता लिनका लागि आमा र बाबु अनिवार्य चाहिन्थ्यो’, उनले मध्यान्हसँग भने ‘पारित विधेयकमा आमा वा बाबुको नामबाट नागरिकता प्राप्त हुने व्यवस्था थपिएको छ । आमाको नामबाट नागरिकता लिँदा स्वघोषणा भने गर्नुपर्ने व्यवस्था गरिएको छ । त्यसरी गरिएको »» पृष्ठ २ मा

## गैरआवासीय नेपाली नागरिकता विधेयक छुट्टै आउने

सरकारले गैरआवासीय नेपाली नागरिकतासम्बन्धी छुट्टै विधेयक ल्याउने भएको छ । मंगलबार बसेको समितिको बैठकमा गृहमन्त्री रमेश लेखकले एनआएन नागरितासम्बन्धी छुट्टै ऐन निर्माण गर्ने बताएका छन् ।

‘गैरआवासीय नेपाली नागरिकताका सम्बन्धमा सरकारले बेग्लै विधेयक तयार गर्दैछ’, उनल भने ‘संविधानको भावना र संविधानको व्यवस्था बमोजिम गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्ने व्यक्तिले आर्थिक, सामाजिक र सांस्कृतिक हक अधिकार उपभोग गर्ने व्यवस्था त्यसले गर्छ,’ गृहमन्त्री लेखकले भने । »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# साउदीसँग सामान्य र दक्ष श्रमिक लैजाने सहमति

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ जेठ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी र साउदी अरेबियाको अन्तर्राष्ट्रिय मामिलाका उपमन्त्री तारिक अल हमदबीच सामान्य र दक्ष नेपाली श्रमिक लैजाने महत्वपूर्ण विषयमा सहमति भएको छ ।

अन्तर्राष्ट्रिय श्रम संगठनको सम्मेलनअन्तर्गत सोमबार जेनेभामा भएको द्विपक्षीय साइडलाइन छलफलका क्रममा नेपाल र साउदी अरेबियाबीच सामान्य र दक्ष श्रमिक लैजाने सम्बन्धमा महत्वपूर्ण सहमति भएको मन्त्री भण्डारीको सचिवालयले बताएको छ ।

साउदी अरेबियाले नेपालबाट सामान्य, दक्ष र घरेलु कामदार लैजाने चाहना राख्दै आएको छ । सचिवालयका अनुसार मन्त्री भण्डारीले घरेलु श्रमिकको सम्झौतालाई थाती राखेर सामान्य र सीपयुक्त श्रमिक गरी तत्काल दुई वटा सम्झौता गर्ने सहमति भएको बताए । नेपालले साउदीसँगको सामान्य श्रमिकसम्बन्धी सम्झौताको



मस्यौदामा सहमति जनाइसकेको छ । त्यसमा हस्ताक्षर हुन मात्रै बाँकी छ ।

साउदीले घरेलु श्रमिकसम्बन्धी सम्झौता भएपछि मात्रै सामान्य सम्झौतामा हस्ताक्षर हुन सक्ने अडान लिएको थियो । अहिलेको बैठकले सहमति »» पृष्ठ २ मा

## जेनेभामा मन्त्री भण्डारीको भेटघाट जारी

**जेनेभा/मस–** अन्तर्राष्ट्रिय श्रम सम्मेलनको ११३औं सत्रलाई सम्बोधन गर्न जेनेभा आएका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले भेटघाट र द्विपक्षीय छलफललाई जारी राखेका छन् ।

मंगलबार बिहान मन्त्री भण्डारीले अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)का महानिर्देशक गिल्बर्ट एफ. हौङबोसँग भेटघाट गरे । जेनेभास्थित स्थायी नेपाली नियोगका अनुसार त्यस अवसरमा मर्यादित रोजगारी, सीप, सामाजिक सुरक्षा र श्रम बसाइँसराइका क्षेत्रमा नेपाल-आईएलओ सहकार्यलाई अझ सुदृढ पार्ने »» पृष्ठ २ मा

# एक महिनामै भित्रियो डेढ खर्ब बढी रेमिट्यान्स

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, २७ जेठ ।

देशको अर्थतन्त्रमा रेमिट्यान्सको योगदान झनै बलियो बन्दै गएको छ । नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको तथ्यांक अनुसार, २०८२ साल वैशाख महिनामा १ खर्ब ६५ अर्ब ३० करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको छ । यो अहिलेसम्मकै एक महिनामा भित्रिएको उच्च रकम हो ।

यसअघि २०८१ सालको फागुनमा एक महिनामा भित्रिएको रेमिट्यान्सको रेकर्ड १ खर्ब ५१ अर्ब २० करोड रुपैयाँ थियो । त्यसको तुलनामा वैशाखमा रेमिट्यान्स आप्रवाह झन् उच्च देखिएको छ ।

चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो १० महिनामा कुल १३ खर्ब ५६ अर्ब ६१ करोड रुपैयाँ बराबरको रेमिट्यान्स भित्रिएको छ । यो अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा १३.३ प्रतिशतले बढी हो । अघिल्लो वर्ष सोही अवधिमा रेमिट्यान्स वृद्धि दर १६.९ प्रतिशत थियो ।

रेमिट्यान्सको प्रवाह अमेरिकी डलरमा पनि उल्लेखनीय रुपमा बढेको छ । समीक्षावधिमा डलरमा विप्रेषण आप्रवाह १०.५ प्रतिशतले वृद्धि भई ९ अर्ब ९६ करोड पुगेको छ । अघिल्लो वर्ष सोही अवधिमा यो वृद्धि दर १४.८ प्रतिशत थियो । यस अवधिमा खुद ट्रान्सफर १४ खर्ब ७९ अर्ब ८ करोड रुपैयाँ पुगेको »» पृष्ठ २ मा

APPAREL GROUP
EXCEED EXPECTATIONS EVERYDAY
Free Visa, Free Visa Free Visa
बहराइनको बहुचर्चित APPAREL कम्पनीमा रोजगार
कम्पनी Barahain Apparel Trading W.L.L. शहर Barahain पूर्व स्वीकृत मिति: २०८१/०८/११ चलानी नं.:६०२२८७०३ LT. No.:314398

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ASST. STORE MANAGER | 5 | 5 | सम्बन्धित काममा दक्ष | 400 | १४२,७९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Sales Associate | 10 | 20 | | 200 | ७१,३९६ | | | | | | | |
| 3. | STOCK CONTROLLER CLERK | 0 | 10 | | 180 | ६४,२५६ | | | | | | | |
| 4. | STORE MANAGER/RETAIL | 5 | 5 | | 450 | १६०,६४१ | | | | | | | |
| 5. | Visual Merchandisers-Furniture Division | 5 | 5 | | 350 | १२४,९४३ | | | | | | | |

फ्रि अन्तरवार्ता धमाधम भैरहेको छ ।
फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ आसार ३, ४ र ५ गते 17, 18 & 19 June 2025) मा हुनेछ ।
नोट : सम्बन्धित काममा दक्ष हुनुपर्नेछ । अंग्रेजी राम्रोसँग बोल्न र लेख्न जान्ने हुनुपर्नेछ ।
उमेर २१ देखि ३५ वर्ष सम्मको हुनुपर्नेछ । अन्तरवार्तामा आउँदा Formal Uniform मा आउनुपर्ने छ ।
यसै कम्पनीको लागि Service Crew Waiter, Barista Comic को पनि माग भई आएकोले निशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Empower Huntr H.R. Solution Pvt. Ltd.
(साबिक Empower Human Resources Management Pvt. Ltd)
Gov. Lic No. 1150/073/074
Sinamangal -9, Near by Hope Hospital, Kathmandu, Nepal, Tel.: 01-4560541, 01-4588265
Mobile No 9818766422 | 9819063243 | 9814048923 | 9843524997 | 9860700057
9813657032 | 9851049746 | 9806080426, 9823040845 Email: empowerhrnepal@gmail.com
Jhapa Branch : 023-535323 | Chitwan Branch : 9855016639 | Butwal Branch : 9851178901

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२८ जेठ २०८२ बुधबार
11 June 2025, Wednesday

# नेपालले मानिसबाहेक अरु निर्यात गर्न सकेन : देउवा

**काठमाडौं/मस–** नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले नेपालले मानिस बाहेक अरु निर्यात गर्न नसकेको बताएका छन् ।

कांग्रेसको केन्द्रीय आपूर्ति तथा उपभोक्ता विभागले मंगलबार काठमाडौंमा आयोजना गरेको 'आर्थिक वर्ष २०८२/८३ को बजेटले उपभोक्ता बजार आपूर्ति श्रृंखलामा पार्ने प्रभाव' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् । उनले सीमानाकामा नेपाली नागरिकहरुलाई धेरै दु:ख दिन नहुने बताए । उनले नेपाल आयातमा निर्भर रहेको भन्दै आत्मनिर्भरतातर्फ अग्रसर हुनुपर्ने बताए ।



सभापति देउवाले उद्योगपतिले उद्योग खोल्ने र व्यापारीले व्यापार गर्नुपर्ने बताए । व्यापारी र उद्योगीहरुलाई उद्योग खोलेर व्यापार गर्न आग्रह गर्दै आफूहरु सहयोग गर्न तयार रहेको बताए । उनले नेपालको उत्पादन गुणस्तरीय हुनसके विश्व बजारमा प्रतिष्पर्धा गर्न सकिने बताए । पहाडमा वृक्षारोपण गर्न र पहाड बचाउन जरुरी रहेको बताए । नेपाललाई हराभरा बनाउन जरुरी रहेको बताए ।

सभापति देउवाले भने,'बोर्डरमा धेरै दु:ख दिनु हुँदैन, नेपालीहरुलाई । खासगरी उपभोक्ता मान्छे बोहक केही निर्यात नै छैन यहाँबाट । त्यस्तो अवस्था छ । अरु केही निर्यात गर्नै सकेका छैनौं । आयातमा भर पर्नुपर्ने कुरा छ ।'

सभापति देउवाले जलवायु परिवर्तनका कारणले नेपालका हिमालहरु नाङ्गो भइसकेको बताए । उनले नेपालले ४० प्रतिशत जंगल बचाउँदा केही राहत भइरहेको बताए । हिमाल बचाउन महत्वपूर्ण कदम चाल्नुपर्ने बताउनु भयो । जलवायु परिवर्तनका कारण नेपाल धेरै ठूलो समस्यामा पर्ने जिकिर गरे । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नमानेपनि अरु सबै देशले जलवायु न्यूनीकरणका लागि काम गर्नुपर्ने बताए ।

# 'नागरिकले उचित मूल्यमा औषधि पाउने वातावरण तयार गर्छौं'

**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलसमक्ष औषधिको मूल्यबारे सुझाव दिन गठित समितिले आफ्नो प्रतिवेदन पेस गरेको छ ।

स्वास्थ्य मन्त्रालयमा मंगलबार आयोजित कार्यक्रममा समितिका संयोजक डा.पोषराज पाण्डेले प्रतिवेदन प्रस्तुत गर्दै हरेक दुई वर्षमा मूल्य समायोजनका लागि सुझाव दिइएको बताए ।

प्रतिवेदन ग्रहण गर्दै मन्त्री पौडेलले लामो समयसम्म औषधिको मूल्यको गहन रुपमा अध्ययन नहुँदा कतिपय औषधिको मूल्य समयअनुसार बढी भएको हुन सक्ने देखिएकाले समायोजनका लागि समिति गठन गरिएको बताए ।



स्वास्थ्यमन्त्रीको निजी सचिवालयका अनुसार प्रतिवेदनका माध्यमबाट औषधिको गुणस्तर सुधार, व्यवस्थापन र सुशासन कायम गर्न मद्दत पुग्ने विश्वास मन्त्री पौडेलले व्यक्त गरे । उनले उचित मूल्यमा औषधि प्राप्त गर्ने वातावरण बनाउन तयार पार्न आफू क्रियाशील रहेको बताउँदै प्राप्त सुझाव कार्यान्वय गर्ने प्रतिबद्धता व्यक्त गरे ।

स्वास्थ्य मन्त्रालयका सचिव डिल्लीराम शर्माले प्रतिवेदन कार्यान्वयनमास्वास्थ्य मन्त्रालयअन्तर्गतका सबै निकायको सक्रिय सहयोग अपरिहार्य भएकामा जोड दिए ।

# गोली हानेर लागुऔषध कारोबारी पक्राउ

**काठमाडौं/मस–** काठमाडौंको टोखामा लागुऔषध कारोबारी खोजतलासमा खटिएको प्रहरी टोलीमाथि नै आक्रमण गरेपछि गोली हानेर उनीहरूलाई नियन्त्रणमा लिइएको छ ।

काठमाडौं उपत्यकामा लामो समयदेखि लागुऔषध खैरो हिरोइन कारोबार भइरहेको भन्ने सूचना प्राप्त भएपछि खोजतलासका क्रममा आज २ बजे काठमाडौं महानगरपालिका-११ सुन्धारास्थित सडकमा दुई जनालाई नियन्त्रणमा लिइएको थियो ।



उनीहरूसँग सोधपुछ गर्दा अन्य दुई जना कारोबारी ग्राण्डी अस्पताल पछाडि लुकेर बसेको पत्ता लागेपछि प्रहरी टोली उनीहरूलाई नै प्रयोग गरेर ग्राण्डी पुगेको थियो । उनीहरूसँग लागुऔषध रहेको जानकारी पाएपछि ब्यूरोको टोली त्यहाँ दिउँसो ३:१५ बजे पुगेको थियो । थप दुई जनालाई नियन्त्रणमा लिने क्रममा प्रहरी टोलीलाई फलामको रडले प्रहार गर्न थालेपछि बाध्य भएर गोली चलाउनुपरेको लागुऔषध नियन्त्रण ब्यूरोका प्रवक्ता, प्रहरी उपरीक्षक जनकबहादुर शाहीले बताए ।

सोक्रममा उनीहरूको रड प्रहारबाट प्रहरी वरिष्ठ हवल्दार नवराज घिसिङ र प्रहरी सहायक हवल्दार रवीन्द्र केसी घाइते भएका छन् । त्यसक्रममा प्रहरीले नियन्त्रणमा लिन चार राउण्ड हवाई फायर गरेको थियो ।

हवाई फायर गर्दा पनि उत्तेजित भएर प्रहरीमाथि आक्रमण गर्न नछाडेपछि तीन राउण्ड गोली फायर गरी उनीहरूलाई नियन्त्रणमा लिइएको उनले बताए ।

पक्राउ पर्नेमा भारत पठाना दानपुरका २० वर्षीय सुमित कुमार, सोही ठाउँका २५ वर्षीय चन्दनकुमार जैसवाल, भारत पश्चिम बङ्गालका ४० वर्षीय शासिक आलम र विहारका २२ वर्षीय मोहम्मद मञ्जुर आलम रहेका छन् ।

गोली प्रहार गरी समातिएका आलमद्वयलाई बायाँ खुट्टामा गोली लागेको प्रहरीले जनाएको छ । टोखा नगरपालिका-३ मा उनीहरूबाट स्पिकरभित्र लुकाएर राखेको अवस्थामा २०० ग्राम खैरो हेरोइन बरामद गरिएको जनाइएको छ ।

# जनशक्ति उत्पादनमा जोड

**काठमाडौं/मस–** खानेपानीमन्त्री प्रदीप यादवले नेपालमा दन्त चिकित्सकको आवश्यकता, महत्व र माग अधिक रहेकाले दक्ष जनशक्ति उत्पादन अपरिहार्य भएको बताएका छन्।

पिपल्स डेन्टल कलेज एन्ड हस्पिटलले कलेजका प्रमुख संस्थापक तीर्थरत्न बज्राचार्यको २२ औं वार्षिक पुण्यतिथिका अवसरमा आयोजना गरेको कार्यक्रममा मन्त्री यादवले नेपालमा दन्त स्वास्थ्य सेवाको आवश्यकता दिनानुदिन बढ्दो रहेको र दन्त चिकित्सकको भूमिका अझ महत्वपूर्ण हुँदै गइरहेको बताए ।

उनले भने, 'नेपालमा अझै धेरै ग्रामीण तथा दुर्गम क्षेत्रमा दन्त स्वास्थ्य सेवाको पहुँच कमजोर छ, जसका कारण त्यहाँ दन्त चिकित्सकको माग अत्यन्तै उच्च छ, सरकारले यस दिशामा ध्यान दिइरहेको छ र आगामी दिनमा दन्त स्वास्थ्य सेवा विस्तार गर्ने योजनामा पनि काम भइरहेको छ ।'

दिवङ्गत बज्राचार्यको योगदानको उच्च मूल्याङ्कन गर्दै मन्त्री यादवले स्व बज्राचार्यले नेपाली दन्त चिकित्सक शिक्षाको जग हाल्ने कार्य गरेको र उनको योगदान आज पनि स्मरणीय रहेको



उल्लेख गरे । उनले भने, 'दन्त स्वास्थ्य सेवाका लागि तीर्थरत्न बज्राचार्यको योगदान ठूलो छ, उहाँको सपना साकार पार्न र नेपाली नागरिकलाई सहज र सुलभ रुपमा सेवा प्रदान गर्ने कार्यमा यस अस्पताल र यहाँका विद्यार्थीहरुको महत्वपूर्ण भूमिका रहन्छ ।'

जनता समाजवादी पार्टीका सङ्घीय परिषद् अध्यक्ष राजेन्द्रप्रसाद श्रेष्ठले दन्त स्वास्थ्य सचेतना अभिवृद्धि, ग्रामीण क्षेत्रमा सेवा विस्तार र दन्त चिकित्सक शिक्षामा गुणस्तर वृद्धिका लागि सरोकारवाला निकायबीच सहकार्य आवश्यक रहेकामा जोड दिए ।

पिपल्स डेन्टल कलेज एन्ड हस्पिटलका प्रमुख कार्यकारी अधिकृत भीमबहादुर चन्दले पिपल्स डेन्टल कलेज एन्ड हस्पिटलमा एमबिबिएसको पढाइ सञ्चालन गर्नका लागि भौतिकलगायत अन्य प्रक्रिया अघि सारिए पनि अहिलेसम्म अध्यापनका लागि अनुमति नपाएको भन्दै गुनासो गरे । कार्यक्रममा बागमती प्रदेशसभा सदस्य शैलेन्द्र बज्राचार्य, खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक इञ्जिनियर रामकुमार श्रेष्ठ, पिपल्स डेन्टल कलेजका अध्यक्ष विद्याभूषण बज्राचार्य, सेयर होल्डर शहनशीला बज्राचार्य, प्रबन्ध निर्देशक रोशन लुइँटेल, प्राचार्य प्रा.डा. सुरेन्द्रमान श्रेष्ठ, विद्यार्थी र विभिन्न स्वास्थ्य क्षेत्रका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

## पूर्वराष्ट्रपति...

लक्षित गर्दै उनले भनिन्, ' एमालेका कार्यक्रमहरूमा सहभागी हुन कसैसँग अनुमति लिनुपर्ने आवश्यकता छैन ।'

आफू एमालेमा फर्किएर काम गर्न इच्छुक रहेको संकेत गरेकी भण्डारीले पत्रकारहरूसँग भनेकी छन्, ' जहाँ जसरी हुन्छ काम गर्ने हो । ओलीजीले महाधिवेशन आएपछि नेतृत्व निर्माण हुन्छ, मिलाएर गर्छौं भनेर आश्वस्त गर्नुभएको हुनसक्छ', उनले भनिन् ।

एमालेको अध्यक्ष बन्न आफूले गुटगत गतिविधि गरेको भनेर ओलीले लगाएको आरोपको उनले खण्डन गरिन् । 'हामीले देशका लागि, नयाँ पुस्ताका लागि काम गर्नुपर्छ', भण्डारीले भनिन्, ' त्यस हिसाबले देशभित्र घुमफिर गर्न मैले एमालेका कमिटी र नेताहरूसँग अनुमति लिइरहनुपर्छ भन्ने लाग्दैन ।'

आफू राष्ट्रपति बन्नुअघि पनि एमालेमै काम गरेको स्मरण गराउँदै भण्डारीले पार्टीमा परिचित भएको नेतालाई कार्यकर्ताहरूले कार्यक्रममा बोलाउनुलाई नेताहरूले अस्वभाविकरूपमा लिन नहुने टिप्पणी गरिन् ।

भण्डारी कोशीमा रहँदा मोरङ र सुनसरीमा चार दिन बसेर झापाको पार्टीको कार्यक्रममा प्रमुख अतिथि बनेर उनी काठमाडौं फर्किएकी छन् । दुई कार्यकाल राष्ट्रपति भएकी उनी पार्टीको नवौं महाधिवेशनमा ओलीकै प्यानलबाट उपाध्यक्ष भएकी थिइन् । २०७२ साल कात्तिकमा देशको दोस्रो राष्ट्रपति बनेकी भण्डारीलाई एमालेले २०७४ मा दोस्रो कार्यकालका लागि राष्ट्रपति बनाएको थियो । दुई कार्यकाल देशको सर्वोच्च पदमा पुगेर उनी २०७९ फागुनमा शीतल निवासबाट बाहिरिएसँगै राजनीतिक गतिविधिमा सक्रिय हुँदै आएकी छन् ।

## ढुंगा...

राजनीतिमा माफियाहरूको प्रभाव छ । स्वार्थ समूहको दबाबमा निर्यातका निम्ति अनेकन प्रयासहरू भइरहेका छन् ।' उनका अनुसार नदीजन्य सामग्री निर्यात गर्न नहुने नेपालको आन्तरिक कारण नै रहेका छन् ।

पहिलो : नेपालका लागि भविष्यमा रेल बनाउन, अन्य आयोजना बनाउन ढुंगा-गिट्टी चाहिन्छ । त्यो बेला नेपालले महंगोमा आयात गर्नुपर्ने हुन सक्छ ।

दोस्रो : ढुंगा-गिट्टी निर्यात गरे तत्काल चुरे दोहन हुन्छ । यसले तन्त्काल नेपाललाई असर पर्छ ।

यी दुई कारणले समेत ढुंगा-गिट्टी निर्वाध निर्यात गर्ने प्रयास रोकिनुपर्ने उनको माग छ ।

यही माग राखेर त्रिपाठीले सर्वोच्च अदालतमा मुद्दा नै दायर गरेका छन् । जसमाथि सुनुवाइ गर्दै न्यायाधीश तिलप्रसाद श्रेष्ठ र नित्यानन्द पाण्डेको संयुक्त इजलासले प्रधानमन्त्री केपी शर्मा ओली र अर्थमन्त्री पौडेलसँग लिखित जवाफ मागेको छ ।

यसअघि सर्वोच्चले नै दिएको परमादेशलाई उल्लंघन गर्दै सरकारले निर्माणजन्य सामग्रीको निर्यात गर्ने प्रावधान ल्याएको भनेर त्रिपाठीले प्रधानमन्त्री ओली र अर्थमन्त्री पौडेलविरुद्ध अवहेलना मुद्दा दायर गरेका थिए ।

त्यसमाथि सुनुवाइ गर्दै अदालतले निर्माणजन्य सामग्रीको निर्यात गर्ने बजेटको बुँदा कार्यान्वयन गर्ने वा नगर्ने भन्नेबारे अन्तरिम आदेशमाथि छलफल गर्न असार ८ गते दुवै पक्षलाई बोलाइएको छ ।

त्रिपाठीका अनुसार यसअघि नै अदालतले संविधान अनुकूल हुने गरी ढुंगा, गिट्टी, बालुवा जस्ता सामग्रीको निकासी गर्ने सम्बन्धमा संघीय संसद्ले कानुन नबनाएसम्म निर्यात गर्ने योजना कार्यान्वयन नगर्न सरकारलाई भनिसकेको छ ।

सर्वोच्चले दिएको परमादेशलाई उल्लंघन गर्दै सरकारले निर्माणजन्य सामग्रीको निर्यात गर्ने प्रावधान ल्याएको त्रिपाठीको जिकिर छ ।

## अब...

स्वघोषणा गलत ठहरिएमा १ वर्षसम्म कैद र जरिवानाको व्यवस्था पनि राखिएको छ ।'

आमाको मात्रै नाम राखेर नागरिकता प्राप्त गर्ने कानुन नहुँदा ठूलो संख्यामा नेपाली नागरिकले नागरिकता पाउन सकेका थिएनन् ।

यद्यपि सर्वोच्च अदालतले समेत आमाको पहिचानका आधारमा नागरिकता दिनु भन्ने आदेश जारी गरेको थियो । नेपालको संविधान २०७२ ले आमाको नामबाट नागरिकता दिने व्यवस्था गरेपनि ऐन नहुँदा त्यसको कार्यान्यन हुन सकेको थिएन । नागरिकताविहीनको संख्या ठूलो रहेकाले सरकारले यो विधेयक चाडो भन्दा चाडा ल्याउनुपर्ने सरोकारवालाहरूले दबाबमूलक गतिविधिहरू गर्दै आएका थिए ।

यो विधेयक पारित गरेर लाखौं नेपालीहरूको समस्या समाधान गर्ने ऐतिहासिक काम गरेको समिति सभापति खतिवडाले बताए ।

विधेयकमा नागरिकता लिनका लागी कार्यालय प्रमुखको भूमिकामा रहेका नायब सुब्बाले पनि दिने व्यवस्था राखिएको छ । खतिवडाले भने ' यो विधेयक पारित भएर ऐनका रूपमा कार्यान्वयनमा आएपछि कार्यालय प्रमुखको रूपमा काम गरिरहेका नायब सुब्बाले पनि नागरिकता दिन पाउनेछन् ।'

## गैरआवासीय...

नागरिकता प्राप्त गर्ने व्यक्तिले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने व्यवस्था गरिने पनि उनले बताएका छन् । परराष्ट्र मन्त्रालयको नेतृत्वमा उक्त ऐन निर्माण भइरहेको गृहमन्त्रीको भनाई छ ।

## साउदीसँग...

भइसकेको सम्झौता अगाडि बढाउने र घरेलु श्रमिकसम्बन्धी सम्झौताको मस्यौदामा थप गृहकार्य गर्ने टुंगो लगाएको बताइएको छ ।

श्रममन्त्री भण्डारीले दुई देशबीच श्रम सम्झौता भइसकेपछि मात्रै घरेलु श्रमिकको सम्झौता गर्नुपर्ने नेपालको संसदीय समितिको निर्देशन रहेको जानकारी साउदी पक्षलाई गराउँदै यसका लागि पाइलट परियोजना आवश्यक पर्ने जानकारीसमेत दिएका छन् । यूएईसँग त्यस्तै सम्झौताका लागि गृहकार्य भइरहेको छ ।

श्रममन्त्री भण्डारीले जेनेभा बैठकले साउदी अरेयिबासँग सामान्य श्रम सम्झौता र सीप प्रमाणीकरण कार्यक्रममा हस्ताक्षर गर्ने बाटो खोलिदिएको बताए । विगतमा साउदीले पठाएको सामान्य सम्झौताको मस्यौदामा नेपालले सहमति जनाएर औपचारिकरूपमा परराष्ट्र मन्त्रालयमार्फत साउदी सरकारलाई पठाइसकेको छ । त्यस मस्यौदामा अन्तर ाष्ट्रिय श्रम संगठनको मापदण्डअनुसार श्रमिकको अधिकार, व्यवसायजन्य स्वास्थ्य सुरक्षा, रोजगारदाता परिवर्तन, श्रमिकको न्यायोचित भर्ना गर्ने विषयहरू समावेश गरिएको नेपालको भनाइ छ ।

## जेनेभामा...

तरिकाहरूबारे छलफल भएको थियो । मन्त्री भण्डारीले मंगलबार नै साउदी अरेबियाका अन्तर्राष्ट्रिय मामिला उपमन्त्री डा. तारिक अल हमदसँग भेटघाट गरेका थिए । साउदी अरेबियासँग द्विपक्षीय श्रम सम्झौताको रूपरेखाको शीघ्र निष्कर्षको बारेमा छलफल र सहमति भएको छ ।

त्यस्तै श्रममन्त्री भण्डारीले स्विस कन्फेडेरेसनको आर्थिक मामिलाका लागि राज्य सचिवालयको स्विस श्रम निर्देशनालयका प्रमुख जेरोम कोसान्डेसँग पनि छलफल गरेका छन् । छलफल नेपालमा सुरक्षित बसाइँसराइ र सीप विकासका क्षेत्रमा नेपाल-स्विट्जरल्याण्ड सहकार्यका बारेमा केन्द्रित रहेको जेनेभास्थित नेपाली नियोगले बताएको छ । मंगलबार साँझ मन्त्री भण्डारीले नेपाली स्थायी नियोगको भ्रमण गरी जेनेभामा नेपालको गतिविधि, प्राथमिकता र संलग्नताको बारेमा जानकारी लिए ।

सम्मेलनको ११३औं सत्रलाई सोमबार सम्बोधन गरेका मन्त्री भण्डारीले समावेशी वृद्धिलाई प्रवर्द्धन गर्ने, श्रम गतिशीलता व्यवस्थापन गर्ने र देशमा सामाजिक सुरक्षा कभरेज विस्तार गर्ने दिशामा नेपालको प्रयासहरूबारे जानकारी दिएका छन् । श्रम अधिकारको संरक्षण, मर्यादित रोजगारी प्रवर्द्धन, विश्वव्यापी, समावेशी र दिगो सामाजिक सुरक्षा सुनिश्चित गर्ने नेपालको प्रतिबद्धता दोहोऱ्याए । उनले आन्तरिक रोजगार प्रवर्द्धनको दशक २०२५-२०३५ मा नेपालभित्र सम्मानजनक रोजगारी सिर्जना, व्यवस्थापन र नियमन गर्ने दृष्टिकोण राखेका छन् । मन्त्री भण्डारीले मानव-केन्द्रित रोजगारी प्रवर्द्धन गर्न सामूहिक कार्यका लागि आह्वान गरेका छन् ।

११३औं अन्तर्राष्ट्रिय श्रम सम्मेलनमा मन्त्री भण्डारीले उच्चस्तरीय नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरेका छन् । संयुक्त राष्ट्रसंघ र जेनेभास्थित अन्य अन्तर्राष्ट्रिय संस्थाहरूका लागि नेपालका स्थायी प्रतिनिधि रामप्रसाद सुवेदी, श्रम मन्त्रालयका सचिव डा कृष्णहरि पुष्कर, अर्थ मन्त्रालय र जेनेभास्थित संयुक्त राष्ट्रसंघ र अन्य अन्तर्राष्ट्रिय संस्थाहरूका लागि नेपालको स्थायी नियोग र नेपाली रोजगारदाता तथा कामदारहरूको प्रतिनिधित्व गर्ने प्रतिनिधिहरू सम्मेलनमा सहभागी रहेका छन् ।

मन्त्री भण्डारी सम्मेलनमा भाग लिन ७ जुन, २०२५ मा जेनेभा आएका हुन् । मन्त्री भण्डारीले मलेसियालगायतका समकक्षीसँग पनि छलफल गरी वैदेशिक रोजगारीका क्षेत्रमा रहेका सम्भावना र चुनौतीहरूबारे छलफल गर्ने मन्त्री भण्डारीको निजी सचिवालयले बताएको छ ।

## एक...

छ, जुन अघिल्लो वर्षको १३ खर्ब १ अर्ब ७५ करोडको तुलनामा धेरै हो । वैशाख मसान्तसम्म वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ४ लाख ५ हजार ६१० रहेको छ । पुनः श्रम स्वीकृति लिनेको संख्या भने २ लाख ८० हजार ३१४ रहेको छ ।

# सवारी दुर्घटना न्यूनीकरण गर्न नमुना अभ्यास

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २७ जेठ

अर्घाखाँचीमा सवारी दुर्घटनालाई न्यूनीकरण गर्न विशेष नमुना अभ्यास सम्पन्न भएको छ । जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीको अगुवाइमा सन्धिखर्क नगरपालिका-२, चुत्राबेसी क्षेत्रमा सम्भावित दुर्घटनाको नमुना अभ्यास'डेमो' गरिएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक (डीएसपी) चक्रबहादुर मल्लका अनुसार सवारीचाप, भिडभाड र चाडपर्वको समयमा हुने सम्भावित दुर्घटनालाई लक्षित गर्दै जनचेतनामूलक अभ्यास गरिएको हो । अभ्यासमा नेपाल प्रहरी, स्थानीय स्वास्थ्यकर्मी र बासिन्दाहरूको सक्रिय सहभागिता रहेको थियो ।

कृत्रिम अभ्यासमा सवारी दुर्घटनामा यात्रु घाइते भएको दृश्य



प्रस्तुत गरिनुका साथै घाइतेको उद्धार र प्राथमिक उपचारको कार्यसमेत देखाइएको थियो । सुरक्षाकर्मीहरूले स्टेचरको प्रयोग गरी घाइतेलाई सुरक्षित स्थानमा पुऱ्याउने अभ्यास गरेका थिए ।

मुख्य बजार क्षेत्र सन्धिखर्कदेखि भूमिकास्थान, मालारानी लगायतका क्षेत्रमा गरिएका यस्ता अभ्यासले जनचेतना फैलाउने र दुर्घटनापछि कसरी तत्काल उद्धार गर्ने भन्नेमा आमनागरिकमा जानकारी दिने उद्देश्यले नमुना अभ्यास संचालन गरिएको प्रमुख जिल्ला अधिकारी बेद प्रसाद खरेलले जानकारी दिए ।

जिल्ला समन्वय समिति प्रमुख जीवनारायण कोईरालाका अनुसार यस्ता अभ्यासले प्राकृतिक विपद्, चाडपर्व र अन्य आकस्मिक घटनामा हुन सक्ने क्षति न्यून पार्न सहयोग गर्नेछ ।

स्थानीय अशोक पौडेलका अनुसार अर्घाखाँचीमा पछिल्ला वर्षहरूमा सवारी दुर्घटनाका घटनामा उल्लेख्य कमी आएको छ । यस्ता नमुना अभ्यासलाई थप प्रभावकारी बनाउँदै लैजानुपर्ने उनले जोड दिए ।

# प्रदेश सांसद ठाकुरविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं/मस–** एमालेका मधेश प्रदेश सांसद दिपेन्द्र कुमार ठाकुरविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले औरही गाँउपालिकामा अस्पताल निर्माणमा अनियमितता गरेको अभियोगमा सांसद ठाकुरविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो । ठाकुर धनुषा क्षेत्र नम्बर ३(ख)बाट निर्वाचित एमालेका सांसद हुन् ।

आयोगका अनुसार गाँउपालिकाले १५ बेडको अस्पताल निर्माणका लागि २४ करोड ४३ लाख रुपैयाँको लागत



अनुमान तयार गरेको थियो । जसमध्ये १२ करोड ३५ लाख रुपैंयाको प्रस्ताव पेश गर्ने प्रतिष्ठा, धुलिखेल, एक्सिस एसिउन जेभी (संयुक्त उपक्रम)लाई ठेक्का दिनुपर्नेमा १९ करोड १४ लाख रुपैयाँको प्रस्ताव पेश गर्ने लुम्बिनी, डीएण्डएन जेभीलाई छनौट गरेर ठेक्का दिइएको हो ।

आयोगले ठाकुरसहित १५ जनालाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको छ ।

# ‘शासकीय स्वार्थ र अव्यवस्थाका कारण शिक्षा क्षेत्रको अपेक्षाकृत विकास हुन सकेन’



**काठमाडौं/मस**–प्रधानमन्त्री केपी शर्मा ओलीले सिकेको ज्ञान तथा सीपलाई राष्ट्र र समाजको सेवामा इमान्दारीपूर्वक लाग्न आग्रह गरेका छन् । मंगलबार राजर्षी जनक विश्वविद्यालयको प्रथम दीक्षान्त समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले यस्तो आग्रह गरेका हुन् । उनले शक्ति युगमा विद्वता, ज्ञान र दर्शनको छलफल हुने गरेको उल्लेख गर्दै चार हजार वर्षपछि त्यही ठाउँमा आइपुगेको बताए । शासकीय स्वार्थ र अव्यवस्थाको कारणले शिक्षा क्षेत्रको अपेक्षाकृत विकास हुन नसकेको उनको भनाइ छ । उनले भने, ‘यतिबेला बल्ल एउटा विश्वविद्यालय स्थापना भयो । र आज पहिलो दीक्षान्त समारोह हामी गर्दैछौं । शक्ति युगमा यहाँ विद्वताको छलफल हुन्थ्यो, ज्ञानको छलफल हुन्थ्यो र दर्शनको छलफल हुन्थ्यो । आज हामी चार हजार वर्षपछि फेरि त्यस ठाउँतिर फर्केर आइपुगेका छौं । त्यो शासकीय स्वार्थपन र अव्यवस्थाका कारणले, कुव्यवस्थाका कारणले त्यस्तो भयो । अब लोकतन्त्रमा वास्तविक लोकतन्त्रको अभ्यास गरेर हामी यसलाई अगाडि बढाउनुपर्छ ।’ वास्तविक लोकतन्त्रको अभ्यास गरेर शिक्षा क्षेत्रको विकासलाई अगाडि बढाउनुपर्ने उनको भनाइ छ ।

# सडक र पुल नहुँदा जोखिमपूर्ण यात्रा

**बालाराम शेर्पाली/मध्यान्ह**
रुकुमपूर्व, २७ जेठ



रुकुमपूर्वको पुथाउत्तरगंगा गाउँपालिका-१४ देउखोलामा पुल नुहँदा स्थानीय जोखिमपूर्ण यात्रा गर्न बाध्य भएका छन् । सानोभेरी नदीमाथि अस्थायी काठे पुल निर्माण गरिएको छ । गत वर्षको बर्खामा आएको बाढी र पहिरोले मुख्य सडक अवरुद्ध बनेपछि अस्थायी रूपमा निर्माण गरिएको काठे पुल अहिले पुनःजोखिमको चपेटामा परेको छ । बर्खायामको सुरुवातसँगै नदीमा पानीको बहाव तीव्र बन्दै गएपछि पुल पार गर्दा ज्यान जोखिममा पर्ने अवस्था आएको छ ।

सिस्ने गाउँपालिका-२ का स्थानीय सुरेश रामजालीका अनुसार नदीको बहाव तीव्र हुँदा पुल पार गर्न साह्रै कठिन हुन्छ । उनले भने, ‘बच्चा, वृद्ध र महिलाका लागि त झनै गाह्रो छ । कुनै उपाय छैन, डराउँदैपनि यतैबाट जानुपर्छ ।’

स्थानीय धनबहादुर कामीले विगतदेखि नै स्थायी पुलको माग गर्दै आएको तर राज्यका निकायहरू मौन बसिरहेको गुनासो गरे । ‘संघीयता आएको दशक भइसक्यो, तर हाम्रो गाउँमा सडक र पुल जस्तासम्म पनि सुविधा छैन । नेताहरू चुनावमा मात्रै देखिन्छन्’ उनले आक्रोश पोखे ।

यसबीच, सिस्ने गाउँपालिका-२ का वडाध्यक्ष कृष्णबहादुर खड्काले गत वर्षको बर्खामा सडक भत्किएपछि गाउँपालिकाले श्रमदानमार्फत अस्थायी पुल बनाएको बताए । अहिलेको अवस्था अत्यन्त जोखिमपूर्ण भएको स्वीकार गर्दै उनले भने, ‘स्थायी समाधानका लागि वैकल्पिक मार्ग र पक्की पुल निर्माणको योजना अघि बढिसकेको छ ।’ वडाका प्रशासन सहायक खडक केसीका अनुसार, देउखोला-नायागाडा सडक विस्तारको तयारी पनि भइरहेको छ । सानोभेरी नदीमा पक्की पुल निर्माणका लागि डिटेल प्रोजेक्ट रिपोर्ट तयार भइसकेको छ भने आगामी आर्थिक वर्षभित्र काम सुरू गर्ने योजना रहेको छ ।

वर्षायाममा दिनप्रतिदिन जोखिम बढिरहेका बेला देउखोला क्षेत्रका बासिन्दाले सरकारले चाँडो स्थायी समाधान ल्याओस् भन्ने अपेक्षा गरेका छन् ।

# रामेछाप नगरपालिकाका ९ वटै वडा बालमैत्री वडा घोषणा

**मोहन कार्की/मध्यान्ह**
रामेछाप, २७ जेठ



रामेछाप नगरपालिकाका ९वटै वडालाई बालमैत्री वडा घोषणा गरिएको छ । महिला बालबालिका शाखाकी सरिता बुढाथोकीका अनुसार वडाहरूले ५१ वटा सूचक, ५ वटा चरण, र २८ तहगत खुड्किला पार गरेपछि बालमैत्री वडा घोषणा गरिएको हो ।

सरकारको दीगो विकास लक्षित सामाजिक क्षेत्रमा बालबालिका सम्बन्धी कामलाई महत्वपूर्ण मान्दै स्थानीय तहहरूलाई अनिवार्य गरिएको छ । सुरुमै जनप्रतिनिधिहरुले बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता लगायतका क्षेत्रमा बजेट छुट्याउन अनुत्पादक ठाने पनि कानूनी प्रक्रिया र दीगो विकासको आधारबारे जानकारी गराएपछि बजेट छुट्याउन सहमत भएका थिए । निरन्तर प्रयासपछि सबै वडामा बालमैत्री वडा घोषणा गर्न सफल भएको बुढाथोकीले बताइन् ।

बालमैत्री वडा घोषणा कार्यक्रममा प्रतिनिधिसभा सदस्य तथा निवर्तमान जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्ण बहादुर तामाङ, प्रदेशसभा सदस्य तारानारायण श्रेष्ठ, जिल्ला समन्वय प्रमुख चिना खड्का कार्की, प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापा, जिल्ला समन्वय उपप्रमुख प्रेमबहादुर थापा, नगरपालिका मेयर लवश्री न्यौपाने, निवर्तमान उपमेयर सिर्जना खड्का लगायतको उपस्थिति रहेको थियो । ७ नम्बर वडाको कार्यक्रममा प्रमुख अतिथिको रूपमा राज्यमन्त्री कान्छाराम तामाङ उपस्थित थिए भने विशिष्ट अतिथिमा जिल्ला समन्वय प्रमुख चिना खड्का थिइन् । राज्यमन्त्री तामाङले बालमैत्री स्थानीय शासन दीगो विकासका लागि अत्यन्तै आवश्यक भएको भन्दै सफल कार्यका लागि बधाई तथा शुभकामना व्यक्त गरे । जिल्ला समन्वय प्रमुख खड्काले रामेछाप नगरपालिकाको ९ वडामा अनुगमन गरेर बालमैत्री वडा घोषणा गर्न पाउँदा अत्यन्त खुशी लागेको बताइन् ।

वडा नं.१ को कार्यक्रममा प्रमुख अतिथि निवर्तमान उपमेयर सृजन खड्काले आफ्नो कार्यकालमा बालबालिकाको क्षेत्रमा काम सुरु गरेको र बालमैत्री वडा घोषणा गर्न पाउँदा खुशी व्यक्त गरिन् ।

यस्तै वडा नं. २ को कार्यक्रममा जिल्ला समन्वय उपप्रमुख प्रेम बहादुर थापा प्रमुख अतिथि थिए भने वडा नं. ३ को कार्यक्रममा रामेछाप नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भोला प्रसाद सापकोटा प्रमुख अतिथि थिए । यस्तै वडा नं.४ को कार्यक्रममा रामेछाप नगरपालिकाका मेयर लवश्री न्यौपाने प्रमुख अतिथि थिए । वडा नं.५ को कार्यक्रममा जिल्ला समन्वयका हरिकृष्ण फुयाल प्रमुख अतिथि थिए । वडा नं.६ को कार्यक्रममा प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापा, ८ को कार्यक्रममा शिक्षा समन्वय इकाई प्रमुख नेत्र प्रसाद गजुरेल र ९ को कार्यक्रममा प्रदेशसभा सांसद तारानारायण श्रेष्ठ प्रमुख अतिथि थिए ।

# ‘डिजिटल नवप्रवर्तन रूपान्तरण’सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न



नेपालगन्ज/मस-लुम्बिनी प्राविधिक विश्वविद्यालयको आयोजनामा नेपालगन्जमा ‘डिजिटल नवप्रवर्तन रूपान्तरण २०२५’ सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ । सम्मेलनमा नेपाल तथा विदेशका ख्यातीप्राप्त विश्वविद्यालयका प्राध्यापक, विषयविज्ञ, नीति निर्माताहरू तथा प्रविधि क्षेत्रमा कार्यरत विज्ञ र विद्यार्थीहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

सम्मेलनको उद्घाटन लुम्बिनी प्रदेश सरकारका सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिनाले गरेका थिए । उद्घाटन समारोहमा विश्वविद्यालयका डीन डा.निरज केसीले सम्मेलनको उद्देश्यबारे प्रकाश पार्दै लुम्बिनी प्राविधिक विश्वविद्यालय नयाँ भएकोले यहाँ अध्ययनरत विद्यार्थीलाई डिजिटल नवप्रवर्तन र रूपान्तरणका अवसर तथा चुनौतीबारे सशक्त जानकारी दिन यो सम्मेलन आयोजना गरिएको बताए ।

डा.केसीका अनुसार सम्मेलनले विद्यार्थीहरूलाई नेपालका विश्वविद्यालय, निजी तथा सरकारी क्षेत्रले प्रविधिको क्षेत्रमा गरेका नवप्रवर्तन तथा भविष्यको सम्भावनाबारे प्रत्यक्ष जानकारी दिने प्लेटफर्मको रूपमा काम गर्नेछ ।

सम्मेलनमा डिजिटल प्रविधिमा भइरहेका नवीनतम अनुसन्धान, कृत्रिम बुद्धिमता, ब्लकचेन,डिजिटल इकोसिस्टमलगायतका विषयमा कार्यपत्र प्रस्तुत गरिएको थियो । विश्वका विभिन्न विश्वविद्यालयबाट अनलाइन माध्यममार्फत सहभागी विज्ञहरूले प्रत्यक्ष कार्यपत्र प्रस्तुत गरे भने नेपाली विद्यार्थीहरूले सोधपुछ तथा जिज्ञासाहरू राख्ने अवसर पाएका थिए ।

लुम्बिनी प्राविधिक विश्वविद्यालयका कुल सचिव रेगबहादुर भण्डारीले सम्मेलनको उद्देश्य क्षमता विकास, ज्ञानको निर्माण र हस्तान्तरण, नीति निर्माणमा सहकार्य, र डिजिटल भविष्यको मार्गचित्र बनाउने रहेको जानकारी दिए । उनले सम्मेलनलाई ज्ञान र प्रविधिको साझा मञ्चको रूपमा व्याख्या गरेका थिए ।

उनका अनुसार यसअघि विश्वविद्यालयले सन् २०२३ र २०२४ मा कृत्रिम बुद्धिमत्ता र मेसिन लर्निङमा अन्तर्राष्ट्रिय संगोष्ठी आयोजना गरिसकेको छ, र यसपटकको सम्मेलन पनि डिजिटल नवप्रवर्तनका रूपान्तरणकारी सम्भावनालाई उजागर गर्ने ऐतिहासिक कदम हो ।

सम्मेलनको विशेष आकर्षणका रूपमा लुम्बिनी प्राविधिक विश्वविद्यालय सेवा आयोगका सदस्य तथा वरिष्ठ साहित्यकार प्रा.डा.कृष्ण प्रसाद घिमीरेले सान्दर्भिक कविता वाचन गरेका थिए ।

सम्मेलनमा त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, पोखरा विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति, डीन, प्राध्यापक, विषयविज्ञहरूसहित दर्जनौं विशिष्ट वक्ताहरूको सहभागिता थियो ।

विदेशी सहभागिताका रूपमा सिड्नी विश्वविद्यालय (अष्ट्रेलिया)का डा.आभास जोशी, नेदरल्याण्डको आइटिसी विश्वविद्यालयका अशोक दाहाल लगायतले अनलाइनमार्फत कार्यपत्र प्रस्तुत गरेका थिए । त्यस्तै, क्यान महासंघका पूर्व उपाध्यक्ष सञ्जय थापा, रानका अध्यक्ष विकास गुरुङले पनि प्रविधि र उद्योगबीचको सहकार्यका विषयमा विचार राखेका थिए ।

लुम्बिनी प्राविधिक विश्वविद्यालय सेवा आयोगका सदस्य प्रा.डा. कृष्ण प्रसाद घिमीरेका अनुसार गुणस्तरीय शिक्षा, उपलब्धिमूलक शिक्षा, रोजगारीको सुनिश्चिततासहितको शिक्षा तथा देश र समाजका लागि उत्तरदायी विद्यार्थी उत्पादन गर्ने शिक्षा प्रदान गर्ने लक्ष्य लिएको विश्वविद्यालयले स्थापनाको छोटो समयमै आगामी असार महिनादेखि स्नातकोत्तर तहमा एम टेक इन आइटी र एम तहको अध्यापन सञ्चालन गर्न लागेको छ ।

# पत्रकार न्यौपाने सम्मानित



काठमाडौं/मस-लायन्स मल्टिपल डिष्ट्रिक ३२५ को अधिवेशनको अवसरमा लायन्स डिष्ट्रिक इन्टरनेशनल ३२५ एलबाट लायन्स क्लव अफ काठमाडौं शुभ आरम्भ क्लवले सर्वाधिक सेवा गर्ने पहिलो क्लवको अवार्ड प्राप्त गरेको छ । कमलादी प्रज्ञा भवनमा आयोजित कार्यक्रममा लायन्स क्लव अफ काठमाडौं शुभ आरम्भका अध्यक्ष रामशरण न्यौपाने (सुशान्त)लाई इन्टरनेशनल डाइरेक्टर बालकृष्ण बुर्लाकोटीले सम्मान प्रदान गरिएको हो ।

कार्यक्रममा मल्टिपल डिष्ट्रिकले १५ वटै डिष्ट्रिकका उत्कृष्ट क्लवहरुलाई ७-७ विधामा अवार्ड प्रदान गरिएको थियो । जसमा लायन्स क्लव अफ काठमाडौं शुभ आरम्भसहित एल डिष्ट्रिकमा ७ ओटा क्लव सम्मानित भएका छन् । शुभ आरम्भले मल्टिपलबाट सर्वाधिक सर्भिस गरेवापत पहिलो पटक अवार्ड प्राप्त गरेको छ ।

छात्रवृत्ति प्रदान गर्ने सम्झौता

लायन्स क्लव अफ काठमाडौं शुभ आरम्भले तारकेश्वर-५ मा अवस्थित पृथ्वीनारायण मा.वि.का एक जना दृष्टिविहीन आर्थिक अवस्था कमजोर भएका जेहेन्दार विद्यार्थीलाई अध्यापनको लागि छात्रवृत्ति प्रदान गर्न विद्यालयसँग सम्झौता गरेको छ ।

लायन्स क्लव शुभ आरम्भले यसअघि नुवाकोट, सिन्धुपाल्चोक र मकवानपुरका सामुदायिक विद्यालयहरूमा विद्यालय पोसाक, झोला र स्टेशनरी सामग्री वितरण गरिसकेको थियो । त्यस्तै केही दिनमा सिन्धुपाल्चोकमा सामुदायिक विद्यालयमा इमरजेन्सी रुम समेत बनाउने भएको छ । शुभ आरम्भले आर्थिक अवस्था कमजोर भएका जेहेन्दार दृष्टिविहीन विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेर सामाजिक सेवामा सक्रियतापूर्वक काम गरिरहेको छ ।

लायन्स क्लव अफ काठमाडौं शुभ आरम्भका आजीवन सदस्य गोमा सुनुवारले आफ्नो जन्म दिनको अवसर पारेर यसै वर्षदेखि छात्रवृत्तिको घोषणा गरेको रकम संस्थाले पृथ्वीनारागण मा.वि.का दृष्टिविहीन विद्यार्थीलाई कक्षा २ देखि १० सम्म अध्यापन गर्दा लाग्ने स्टेशनरी, पोसाक लगायतको वार्षिक खर्चलाई हरेक वर्ष विद्यार्थीको बैंक खातामार्फत् रकम जम्मा गर्ने गरी सम्झौता भएको छ । दुई पक्षिय सम्झौता पत्रमा लायन्स क्लव अफ काठमाडौं शुभ आरम्भका आजीवन सदस्य तथा स्पोनसर गोमा सुनुवार, संस्थापक अध्यक्ष भाष्कर श्रेष्ठ र क्लव अध्यक्ष रामशरण न्यौपाने (सुशान्त) र छात्रवृत्ति पाउने विद्यार्थी सन्जिता माझी र विद्यालयका प्रधानाध्यापक नारायण प्रसाद शर्माले हस्ताक्षर गरेका छन् ।

कार्यक्रममा विद्यालयका शिक्षकहरू र लायन्सका जोन चियर पर्सन सुरेन्द्र सांघाई, क्लवका सचिव सुरज कार्की लगायतको सहभागिता रहेको थियो । कार्यक्रमको संचालन संस्थापक अध्यक्ष भाष्कर श्रेष्ठले गरेका थिए भने सभापतित्व क्लवका अध्यक्ष रामशरण न्यौपाने (सुशान्त) ले गरेका थिए ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**हकदावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०६६/०५/१७ मा दर्ता भएको **प्रा. लि. नं. (६५७४२)** को **स्नीप टेक्नोलोजी प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**हकदावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७५/११/१० मा दर्ता भएको **प्रा. लि. नं. (२०९२८१)** को **एडुगेट इन्टरनेशनल एजुकेशन प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**काठ/दाउराको बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/२/२८**

यस सामुदायिक वन उपभोक्ता समुहको वनबाट उत्पादन भई भुमिकास्थान न पा-७, मा घाटगद्दी गरी राखिएको खयर जातको ४७७ थानको ३१४.३३ क्यू. फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानाकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सुचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयको सूचना पाटीमा डिभिजन वन कार्यालयमा अर्घाखाँचीमा र अर्घाखाँची जिल्ला स्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ ।

**श्री भालुटाकुरा उद्यडाँडा सामुदायिक वन उपभोक्ता समुह**
**भुमिकास्थान न.पा. ७, अर्घाखाँची**

**साइप्रसमा रोजगार**

**कम्पनी:** Red panda employment private employment agency — **शहर:** Cyprus, limassol
पूर्व स्वीकृत मितिः २०८२/०२/२७ — चलानी नं.: ६०२३५३२६ — **LT. No.: 325381**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 0 | 20 | स. काममा दक्ष | 400 | ६२,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कम्पनी:** Red panda employment private employment agency — **शहर:** Cyprus, limassol
पूर्व स्वीकृत मितिः २०८२/०२/२७ — चलानी नं.: ६०२३५३२७ — **LT. No.: 325382**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 0 | 20 | स. काममा दक्ष | 400 | ६२,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कम्पनी:** Red panda employment private employment agency — **शहर:** Cyprus, limassol
पूर्व स्वीकृत मितिः २०८२/०२/२७ — चलानी नं.: ६०२३५३२८ — **LT. No.: 325383**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 0 | 20 | स. काममा दक्ष | 400 | ६२,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ४ गते (18 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. ३०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र रकम कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

License No.: 1406/074/075
**KALINCHOK H. R. PVT. LTD.**
G.P.O. Box: 12447, Tokha-10, Samakhusi, Kathmandu, Nepal
Tel: 014980649, 9801081748, 9801179844, 9851093878, 9851136852, Email: info@kalinchokhr.com.np

**सुदूरपश्चिम प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
**कञ्चनपुर**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०२/२८**

यस कार्यालयबाट मिति २०८१/१२/२५ गतेको "कारोवार" राष्ट्रिय दैनिक, २०८१/१२/२७ गतेको "सौर्य" " राष्ट्रिय दैनिक, २०८१/१२/२९ गतेको "मध्यान्ह" राष्ट्रिय दैनिक र २०८२/०१/३० गतेको "हिमालयन टाईम्स" राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित इ-बिड मार्फत बोलपत्र आव्हान सम्बन्धि सूचना **08-IDOKAN/081/82, 09-IDOKAN/081/82, 10-IDOKAN/081/82, 13-IDOKAN/081/82** अनुसार रितपूर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रहरु खोलि प्राविधिक प्रस्ताव मूल्यांकन गर्दा सफल भएका तपसिल बमोजिमका बोलपत्रदाताहरुको बोलपत्रको आर्थिक प्रस्ताव मिति २०८२/०३/०४ गतेको दिन ठिक १३:०० बजे पूर्वाधार विकास कार्यालय, कञ्चनपुरमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावलि २०६४ (चौधौ संसोधन २०८२ समेत) को नियम ३१ज को उपनियम (५) र (६) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Contract ID | Description of Works | Technical Proposal Successful Bidder |
|---|---|---|---|
| 1 | IDOKAN/W/NCB/081/82-77 | Construction & Upgrading of Loktantrik Marg Company danda dekhi Dodha Pul samm Road, Punarbas Na Pa 7, Kanchanpur | M/s Ramechhap- Daut JV Kanchanpur<br>M/s Rithgade/SK/Api JV, Darchula<br>M/s KC-Shirsha JV, Butwal<br>M/s KNS-PL-RC JV, Kailali |
| 2 | IDOKAN/W/NCB/081/82-84 (Re) | Construction of Toti Nala (bhatkeko pul) multicell box culvert, Shuklaphata-10, Kanchanpur | M/s S-M-M JV, Kathmandu |
| 3 | IDOKAN/W/NCB/081/82-85 | Construction of Lalpaniya multicell box culvert, Shuklaphata- 10, Kanchanpur | M/s Jasling/Bhumiraj GM J.V., Dadeldhura<br>M/s Ashu Nirman Sewa, Dadeldhura |
| 4 | IDOKAN/W/NCB/081/82-86 | Dalit Basti Jodne 9/10 Bohara ko ghar najik Culvert Nirman, Shuklaphata 9 ; Lagada Tole dekhi Laljhadi jodne Batoma Pakki culvert Nirman, shuklaphata 12, Kanchanpur | M/s DC-CNS Joint Venture, Kanchanpur<br>M/s TriCCon-GM JV, Dhangadhi |
| 5 | IDOKAN/W/NCB/081/82-87 | Baitada Shivmandir Pipaldanda hudai Jholekhole Culvert Bedkot 5, Kanchanpur ; Pipalthala dekhi hattithala jane mul sadak chand Itta Bhatta Najik Culvert Nirman, Bedkot 1, Kanchanpur | M/s Gyan - GK JV , Kanchanpur<br>M/s Jasling/Bhumiraj/GM J.V., Dadeldhura<br>M/s ASHU/SHIVLING/BISHNU JV, Kanchanpur |
| 6 | IDOKAN/W/NCB/081/82-88 | Bhi Na Pa 7 Shree Janasewa Ma Bi Paschim Ward 7 & 8 ko simana ma raheko (Bhatkeko Culvert) Nirman | M/s DC-CNS Joint Venture, Kanchanpur<br>M/s Saino-GM JV, Dadeldhura |
| 7 | IDOKAN/W/NCB/081/82-89 | Bhi Na Pa 10 Jimuwa sthit Nagarjun Tole jodne Ward No 10 & 8 ko simana ma raheko (Bhatkeko culvert) Nirman | M/s Gyan - GK JV , Kanchanpur<br>M/s Jasling/Bhumiraj/GM J.V., Dadeldhura<br>M/s Niraj- CCS JV, Kanchanpur<br>M/s DDL-SNS-Pant JV, Kanchanpur |
| 8 | IDOKAN/W/NCB/081/82-98 | Construction of Bhi Na Pa 8 & 10 jodne Nain Nath ko ghar najik Gajjar Khola Bridge, Bhi Na Pa 10 | M/s Mahara -Newjoshi J.V., Kanchanpur |

**कार्यालय प्रमुख**

मध्यान्ह
www.madhyanhadaily.com

२८ जेठ २०८२ बुधबार
11 June 2025, Wednesday

## सम्पादकीय

# अब नरोकियोस् विधेयक

संविधानतः नेपाली आमाले आफ्नो नामका आधारमा मात्रै सन्तानलाई नागरिकता दिलाउने अधिकार पाएको दुई दशक भयो । तर नेपालको अन्तरिम संविधानमै रहेको यो अधिकार कानुनको अभावमा कार्यान्वयनमा आउन सकेको छैन । निरन्तर दबाब दिँदा समेत ऐन बन्न नसक्दा निराश वर्गमा एउटा खुसीको समाचार छ– आमाको नामबाट मात्रै पनि नागरिकता जारी हुन सक्ने गरी तयार विधेयक प्रक्रियामा अगाडि बढेको छ । प्रतिनिधि सभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिबाट नागरिकता ऐन संशोधन विधेयक पारित भएको हो । जसमा आमाको नामबाट मात्रै पनि नागरिकता जारी हुन सक्ने प्रवाधान छ । विधेयक अनुसार कुनै पनि आमाले बाबु वेपत्ता रहेको अवस्थामा सन्तानलाई नागरिकता दिलाउन सक्छिन् । कुनै आमाले बाबुसँग सम्बन्धमा नरहेको र सम्बन्ध बिच्छेद नगरेको अवस्थामा समेत आमाले नै हुर्काएको स्वघोषणा गरेर नागरिकता दिलाउन सक्छिन् । बिहे नै नगरी एकल आमाले जुनसुकै तबरबाट सन्तान जन्माएको भएता पनि स्वघोषणाको आधारमा आमाले सन्तानलाई नागरिकता दिलाउन सक्छिन् । यसले नेपालमा जन्मिएका जो कोहीले नागरिकता पाउन सक्ने र सन्तानको असली अभिभावक आमा हुन् भन्ने मान्यतालाई स्वीकार गरेको छ ।

संसदीय समितिबाट पारित विधेयकले आमाको नामबाट मात्रै नागरिकता दिन नखोज्ने प्रमुख जिल्ला अधिकारीलाई समेत बाँध्न खोजेको छ । नागरिकता दिलाउन नसकेको खण्डमा आमाले नपाएको प्रमाणसहित ३५ दिनभित्र निवेदन दिन सक्छिन् । त्यस्तो निवेदन पाएको ३० दिनभित्र प्रमुख जिल्ला अधिकारीले नागरिकता दिनुपर्छ । नागरिकता नदिनुपर्ने कारण भए त्यसको प्रमाणसहितको जवाफ दिनुपर्छ । त्यसउपर अदालत जान सकिन्छ । यसले विगतमा वर्षौंसम्म नागरिकता नपाएर जिल्ला प्रशासन कार्यालय धाउनुपर्ने अवस्थालाई चिरेर दुई महिना केही दिनभित्रै प्रक्रिया पूरा भइसक्ने सुनिश्चितता गरेको छ । जसले न्याय खोज्न अदालत जानलाई समेत सहज बनाइदिएको छ ।

दफावार छलफलसहित संसदीय समितिबाट पारित यो विधेयक पुनः प्रतिनिधिसभामा पुगेर अगाडि बढ्छ । ठूलो दबाब नभए यसले कानुनको रूप लिनेछ । तर नेपालको राजनीतिमा सभामा पुगेर पनि ऐनका महत्वपूर्ण व्यवस्था झिकिएका उदाहरण छन् । यसकारण प्रस्ताव ल्याउने गृह मन्त्रालय, अगाडि बढाउन भूमिका खेल्ने राज्य व्यवस्था समितिका सदस्यहरू र सरोकारवालाहरू चनाखो बन्न आवश्यक छ । ताकि मातृत्व स्वीकार गरिएको विधेयक नरोकियोस् र दुई दशक देखिको माग र पहलले सार्थकता प्राप्त गर्न सकोस् ।

# राजनीतिक अस्थिरता र बजेट कार्यान्वयन

बजेट कार्यान्वयनको सफलता सरकारको नीति, प्रशासनिक क्षमतासँग मात्र होइन, राजनीतिक स्थायित्व, जवाफदेहिता र दीर्घकालीन सोचसँग गासिएको विषय हो...

अग्रलेख



● मोहन कटुवाल



बजेट एक महत्वपूर्ण आर्थिक उपकरण हो, जसले सरकारको नीति, योजना र प्राथमिकतालाई मूर्तरूप दिन सहयोग गर्छ । तर, यो बजेट कति प्रभावकारी रूपमा कार्यान्वयन हुन्छ भन्ने कुरा देशको राजनीतिक स्थायित्वसँग गहिरो रूपमा गाँसिएको हुन्छ । जब राजनीतिक परिवेश अस्थिर हुन्छ– सरकार बारम्बार परिवर्तन हुन्छन्, नेताहरूको प्राथमिकता बदलिन्छ, मन्त्रालयहरूमा नेतृत्व परिवर्तन भइरहन्छ, त्यसले बजेट कार्यान्वयनमा प्रत्यक्ष असर पार्छ । राजनीतिक अस्थिरताको यही प्रभाव नेपालमा लामो समयदेखि देखिँदै आएको छ ।

राजनीतिक अस्थिरता हुँदा सरकारको ध्यान नीति निर्माण र त्यसको कार्यान्वयनमा भन्दा पनि सत्ता टिकाउन, गठबन्धन सम्हाल्न र आन्तरिक शक्ति सन्तुलनमा केन्द्रित हुन्छ । यस्तो अवस्थामा बजेटको प्राथमिकता दोहोरो अर्थ राख्न थाल्छ– एकातिर अर्थ मन्त्रालयले औपचारिक रूपमा सार्वजनिक गर्ने लक्ष्यहरू हुन्छन्, अर्कातिर राजनीतिक नेताहरूले आफ्ना कार्यकर्ताहरू, निर्वाचन क्षेत्रका मतदाता र सत्ता साझेदारहरूलाई सन्तुष्ट पार्न बजेटको प्रयोग गर्न खोज्छन् । यसको परिणाम स्वरूप बजेटको उद्देश्य स्पष्ट हुँदैन, कार्यान्वयन ढिलाई हुन्छ र आर्थिक अनुशासन कमजोर पर्छ ।

अस्थिर राजनीतिक परिस्थितिमा नीति निरन्तरता नहुने मुख्य समस्या हो । एउटै आर्थिक वर्षभित्र सरकार फेरबदल हुँदा नयाँ सरकारका साथ नयाँ मन्त्रीहरू आउँछन् । तिनीहरू पुरानो सरकारको नीति, योजना वा कार्यक्रमलाई निरन्तरता दिन चाहँदैनन्, बरु आफ्ना नयाँ कार्यक्रम अघि सार्न खोज्छन् । यसले गर्दा बजेटमा विनियोजन गरिएका स्रोतहरू प्रयोगमै नआइ खर्च हुन नसक्ने अवस्था आउँछ । धेरैजसो विकास आयोजना कागजमै सीमित हुन्छन्, अनि वर्षको अन्त्यमा चालु खर्च धान्न आवश्यक रकम मात्रै खर्च भएको देखिन्छ । यस्तो खर्चको प्रवृत्तिले दीर्घकालीन पूर्वाधार विकास र समावेशी सामाजिक कार्यक्रमहरूमा प्रतिकूल असर पार्छ ।

नेपालमा देखिएको अर्को गम्भीर समस्या भनेको मन्त्रालयहरूमा बारम्बार हुने नेतृत्व परिवर्तन हो । विकास मन्त्रालय, ऊर्जा, यातायात, कृषि वा शहरी विकासजस्ता प्रमुख मन्त्रालयहरूमा वर्षैपिच्छे मन्त्रीहरू फेरिन्छन् । नयाँ मन्त्रीहरू पुराना योजनाहरू समीक्षा नगरी खारेज गर्छन् वा ढिलो सुरुवात गर्छन् । यस्तो प्रवृत्तिले बजेटमा लेखिएका योजना केवल लेखाजोखा मात्र बनिदिन्छन् । कर्मचारीहरूमा पनि अनिश्चितताको भावना बढ्छ, उनीहरूको मनोबल घट्छ र कामप्रतिको प्रतिबद्धता कमजोर पर्छ ।

अस्थिरताको अर्को असर भनेको संसदीय प्रक्रियामै देखिन्छ ।

> *जसरी संविधान कार्यान्वयनका लागि सहमति सम्भव भयो, त्यसरी नै बजेट निर्माण र कार्यान्वयनमा साझा दृष्टिकोण हुनुपर्छ । आर्थिक नीति र प्राथमिकता जस्ता विषयलाई अल्पकालीन सत्ता समीकरणभन्दा माथि राख्न सक्ने राजनीतिक परिपक्वता देखाउन सक्नुपर्छ...*

बजेट संसदमा प्रस्तुत भएपछि त्यसको छलफल, संशोधन र पारित गर्ने प्रक्रिया एक निश्चित समयसीमाभित्र सकिनु जरुरी हुन्छ । तर, राजनीतिक विवाद, अवरोध र असहमतिको कारण बजेट पारित हुने प्रक्रियामा ढिलाइ हुन्छ । कहिलेकाहीं बजेट अध्यादेशमार्फत ल्याइन्छ, जसले लोकतान्त्रिक अभ्यासमा प्रश्न उठाउँछ र नीति पारदर्शितालाई कमजोर पार्छ । राजनीतिक दलबीच सहकार्य र साझा आर्थिक दृष्टिकोण नहुँदा बजेट केवल एउटा औपचारिकता जस्तो देखिन्छ ।

स्थानीय तह र प्रदेश सरकारहरूमा समेत राजनीतिक अस्थिरताको प्रभाव देखिन्छ । संघीयता कार्यान्वयनमा आएको लामो समय बितिसकेको छैन । तर, प्रदेश सरकारहरू बारम्बार बदलिनु, मुख्यमन्त्रीहरू अल्पमतमा पर्नु, सत्ता साझेदारीमा असहजता आउनुले संघीय बजेटको तल्लो तहसम्म प्रभावकारी कार्यान्वयनमा कठिनाइ पैदा भएको छ । संघीय सरकारले प्रदेश र स्थानीय तहलाई दिने अनुदान, साझेदारी परियोजना वा स्रोत बाँडफाँटसम्बन्धी निर्णयहरू राजनीतिक स्वार्थले प्रभावित हुन्छन् । यो अवस्था नीति समन्वयको अभाव र योजनाको दोहोरोपनतर्फ लैजान्छ ।

राजनीतिक अस्थिरताले लगानी वातावरणमा पनि नकारात्मक प्रभाव पार्छ । बजेटमार्फत सार्वजनिक-निजी साझेदारी, उद्योग प्रवर्द्धन, लगानी प्रवाह र रोजगारी सिर्जना जस्ता कार्यक्रम ल्याइए पनि राजनीतिक अन्योलताले निजी क्षेत्रको विश्वसनीयता घटाउँछ । विदेशी लगानीकर्ता र दातृ निकायहरू पनि अस्थिर सरकारहरूप्रति विश्वस्त रहँदैनन् । उनीहरू दीर्घकालीन लगानीमा हिचकिचाउँछन्, जसको प्रत्यक्ष असर आर्थिक वृद्धिमा देखिन्छ । बजेटले लक्ष्य लिएको वृद्धि दर, बेरोजगारी न्यूनीकरण वा आय वितरणका उद्देश्यहरू अपूरा रहन्छन् ।

बजेट कार्यान्वयनमा प्राविधिक पक्ष मात्रै होइन, राजनीतिक संकल्प र कार्यक्षमताको प्रश्न पनि जोडिएको हुन्छ । जब सरकार स्थिर रहन्छ, निर्णयहरू छिटो हुन्छन्, योजनाहरूको अनुगमन प्रभावकारी हुन्छ, अनि कार्यान्वयनको दर उच्च रहन्छ । तर, अस्थिर सरकारसँग न त दीर्घकालीन योजना बनाउने हिम्मत हुन्छ, न त राजनीतिक जोखिम लिन सक्ने आँट । यस्तो अवस्थामा विकास र समृद्धिका नारा केवल भाषणमा सीमित रहन्छन् ।

नेपालको विगत दुई दशकको इतिहास हेर्दा पनि यही देखिन्छ– संघीयता कार्यान्वयनपछि पनि राजनीतिक स्थायित्वको अभाव, मन्त्रिपरिषद् पुनर्गठन, प्रधानमन्त्रीको राजीनामा, दलहरूको फुट-गठबन्धन र शक्ति समीकरणमा केन्द्रित राजनीति बजेटको प्रभावकारी कार्यान्वयनमा बाधक बनेका छन् । योजनाहरू कागजमै सीमित रहँदा जनताको सेवामा सुधार आउँदैन, पूर्वाधार अधुरा रहन्छन् र आर्थिक अवसर सिर्जना हुँदैन । यसको प्रत्यक्ष असर गरिबी, बेरोजगारी र जनताको राज्यप्रति विश्वासमा पर्छ ।

यस्तो समस्याको समाधानका लागि राजनीतिक दलहरूबीच न्यूनतम आर्थिक सहमति आवश्यक छ । जसरी संविधान कार्यान्वयनका लागि सहमति सम्भव भयो, त्यसरी नै बजेट निर्माण र कार्यान्वयनमा साझा दृष्टिकोण हुनुपर्छ । आर्थिक नीति र प्राथमिकता जस्ता विषयलाई अल्पकालीन सत्ता समीकरणभन्दा माथि राख्न सक्ने राजनीतिक परिपक्वता देखाउन सक्नुपर्छ । यो सम्भव भएन भने, हरेक वर्ष आउने बजेट केवल कागजी दस्तावेज मात्र हुनेछ, जसले जनताको जीवनमा उल्लेखनीय परिवर्तन ल्याउन सक्दैन ।

बजेट कार्यान्वयनको सफलता सरकारको नीति, प्रशासनिक क्षमतासँग मात्र होइन, राजनीतिक स्थायित्व, जवाफदेहिता र दीर्घकालीन सोचसँग गासिएको विषय हो । जबसम्म नेपालको राजनीतिक परिवेश परिपक्व, स्थिर र उत्तरदायी बन्न सक्दैन, तबसम्म बजेटले बोकेको सपना अधुरै रहनेछ । त्यसैले आर्थिक समृद्धिको आधार तयार पार्न राजनीतिक स्थायित्व अब विकल्प होइन, अनिवार्यता भएको छ ।

*(कटुवाल, नेपाल घरेलु तथा साना उद्योग महासंघका उपाध्यक्ष हुन् ।)*

## इतिहासमा आज

११ जुन २००२ मा संयुक्त राज्य अमेरिकाको कांग्रेसले एन्टोनियो मेउचीलाई टेलिफोनको पहिलो आविष्कारकको रूपमा मान्यता दिने निर्णय गरेको थियो ।



११ जुन २००७ मा बंगलादेशको चटगाउँमा पहिरो जाँदा १३० जनाको मृत्यु भएको थियो ।



११ जुन २०१० मा दक्षिण अफ्रिकामा पहिलो अफ्रिकी फिफा विश्वकप सुरु भएको थियो ।



११ जुन २०१२ मा अफगानिस्तानमा दुई भूकम्पका कारण भएको पहिरोमा एउटा पूरै गाउँ पुरिएको थियो । जहाँ ७५ जनाले ज्यान गुमाएका थिए ।



## सामाजिक सञ्जाल



**डम्बर खतिवडा**

राजावादीले तुहेको आन्दोलनबाट यति सिके उपलब्धि नै हुन्छ- राजावादी हुन पाइन्छ । नारा जुलुस, प्रदर्शन, सभा गर्न पाइन्छ । चुनाव लड्न, जित्न, बहुमत ल्याउन, सरकार बनाउन, दुई तिहाइ पाए संविधान संशोधन गर्न पाइन्छ । हाहा होहो र हुल दङ्गाले राजतन्त्र फिर्ता हुने आशा भने सधैंलाई परित्याग गरे हुन्छ ।



**लेखनाथ पाण्डे**

संसारका ६० भन्दा बढी हवाई अड्डामा उत्रिएँ हुँला, तर टिआईए अध्यागमन कर्मचारीजस्ता चिसा, रूखो र टर्रो कहीँका लागेनन् । न हेल्लो-हाइ छ, न मुखमा मुस्कान छ ! प्रश्न यसरी सोध्छन्, मानौं टिआए भएर आउजाउ गर्ने अपराधी नै हुन् ! साँच्चै उनीहरूलाई सामान्य शिष्टाचार सम्बन्धी तालिमको जरुरी छ ।



**रञ्जित तामाङ**

मैले भन्दै आएको छु, काशीराज दाहाल, डिल्लीराज खनालको प्रतिवेदन कुहियो । अब रामेश्वर खनालको प्रतिवेदन कुहिँदै छ । संघीय मन्त्रालयबाट नेताका बाउआमा, फलानो स्मृति भवन र वडा स्तरको योजनामा बजेट छर्ने यो सरकारले खनाल प्रतिवेदन कार्यान्वयन गर्छ भनेर भुत्लो भाङ विश्वास छैन ।



**प्रेम घर्ती मगर**

देश विकास गर्न चाहनेलाई २४० वर्ष शासन गर्नै पर्दैन । बालेन साहले झैं ५ वर्ष शासन गरे पुग्छ । ३ पटक देशको प्रधानमन्त्री बनेका, पहिलो संविधानसभाको चुनावमा बहुमत हासिल गरेको माओवादीले के गऱ्यो ? चाहेको भए गर्ने थियो । तर, भर्खर जंगलबाट सहर छिरेका माओवादीहरू सहरको झिलिमिलीमा रमाए, हराए ।

# ग्रामीण पर्यटन र रोजगारीको सम्भावना

विचार



● राजेन्द्र गजुरेल

> *आज नेपालका धेरै गाउँहरू जनशक्तिविहीन बन्दै गएका छन् । ग्रामीण पर्यटन एक यस्तो उपाय हुन सक्छ जसले गाउँमा फर्कने, गाउँमै बस्ने र गाउँमै कर्म गर्ने प्रेरणा दिन सक्छ । कृषि, संस्कृति र पर्यटनलाई समायोजन गरेर सन्तुलित विकासको बाटो खोल्न सकिन्छ...*

नेपालका ग्रामीण क्षेत्रहरू आफ्नै मौलिकता, प्राकृतिक सौन्दर्य र सांस्कृतिक विविधताले भरिपूर्ण छन् । हिमाल, पहाड, तराईका गाउँहरूमा पाइने विविध जातजाति, उनीहरूको जीवनशैली, चाडपर्व, परम्परा र आतिथ्य संस्कृतिले यहाँको ग्रामीण क्षेत्रलाई पर्यटकका लागि अत्यन्त आकर्षक गन्तव्य बनाउँछन् । तर, अझै पनि ग्रामीण पर्यटन नेपालको समग्र पर्यटन नीति र विकासको मूल प्रवाहमा सीमित रूपमा मात्र समेटिएको देखिन्छ । यद्यपि, पछिल्ला वर्षहरूमा ग्रामीण पर्यटनका अवसरहरूको चर्चा बढ्दै गएको छ र यसको प्रभावकारी विकासले स्थानीय स्तरमै रोजगारी सिर्जना गर्ने ठूलो सम्भावना बोकेको छ ।

ग्रामीण पर्यटनको मूल आधार भनेको गाउँमै उपलब्ध स्रोत-साधन, संस्कृति र वातावरणको उपयोग गरेर स्वदेशी तथा विदेशी पर्यटकलाई आकर्षित गर्नु हो । पर्यटकहरू अब केवल हिमाल चढ्न वा सहरमा किनमेल गर्न मात्र होइन, स्थानीय समुदायसँग घुलमिल हुन, गाउँको जीवनशैली अनुभव गर्न र मौलिक स्वाद चाख्न पनि आउने क्रम बढ्दै गएको छ । यस्तो प्रवृत्तिले गाउँलेहरूलाई आफ्नै ठाउँमा बसेर कमाई गर्ने अवसर दिन्छ, जसबाट वैदेशिक रोजगारको विकल्प पनि खुल्न सक्छ ।

रोजगारीको दृष्टिकोणले ग्रामीण पर्यटन बहुआयामिक सम्भावना बोकेको क्षेत्र हो । होमस्टे सञ्चालन, गाइड सेवा, कृषि उत्पादनको बजार विस्तार, हस्तकला तथा लोकसंगीत, नृत्य प्रदर्शन, ट्रेकिङ्ग मार्गको व्यवस्थापन जस्ता गतिविधिले स्थानीय युवालाई थुप्रै अवसरहरू दिन सक्छ । उदाहरणका लागि, गोरखा, धम्पुस, घान्द्रुक, सिक्लेस, इलाम, रारा, खप्तड जस्ता ठाउँमा ग्रामीण पर्यटन विस्तारसँगै धेरै युवाहरू गाउँमै बसेर रोजगारीमा संलग्न भएका छन् ।

ग्रामीण पर्यटनले महिलालाई पनि आर्थिक रूपमा सक्षम बनाउने माध्यमको रूपमा काम गर्न सक्छ । धेरै गाउँमा महिला समूहले होमस्टे सञ्चालन गर्दै आएका छन्, जसबाट उनीहरूले आय आर्जन मात्र होइन, आत्मविश्वास र सामाजिक हैसियतमा पनि वृद्धि गरेका छन् । साथै, युवाहरूमा उद्यमशीलता विकास गर्ने माध्यमका रूपमा पनि ग्रामीण पर्यटन महत्वपूर्ण हुन्छ । परम्परागत कृषि वा पशुपालनसँगै पर्यटनलाई जोड्न सकिने हुँदा गाउँको समग्र आर्थिक रुपान्तरणको पनि सम्भावना बढ्छ ।

तर, ग्रामीण पर्यटनको सम्भावना साकार पार्न चुनौतीहरू पनि उत्तिकै छन् । भौतिक पूर्वाधारको कमी, प्रचारप्रसारको अभाव, प्रशिक्षित जनशक्तिको नहुनु, लगानीको अभाव र दीर्घकालीन योजना तथा नीति निर्माणमा ध्यान नदिइएको अवस्था जस्ता समस्याले ग्रामीण पर्यटनको विकासलाई अवरोध पुऱ्याएका छन् । अझ ग्रामीण क्षेत्रमा स्थानीय तहले नै सक्रिय भएर समन्वय गर्न नसक्दा धेरै ठाउँमा पर्यटनको सम्भावना मौन अवस्थामा सीमित भएको पाइन्छ ।

यसका लागि दीर्घकालीन सोच, स्थानीय तहको नेतृत्व, सरकारको नीति सहयोग र निजी क्षेत्रको लगानी आवश्यक छ । ग्रामीण पर्यटनलाई विद्यालयस्तरबाटै बुझाउने र युवा पुस्तालाई तालीममार्फत तयार पार्ने हो भने यसले दीर्घकालीन रोजगारीको विकल्प दिन सक्छ । यस्तै, अन्तर्राष्ट्रिय बजारसम्म गाउँको सांस्कृतिक उत्पादन पुऱ्याउने उपायहरू विकसित गरिनु आवश्यक छ ।

आज नेपालका धेरै गाउँहरू जनशक्तिविहीन बन्दै गएका छन् । ग्रामीण पर्यटन एक यस्तो उपाय हुन सक्छ जसले गाउँमा फर्कने, गाउँमै बस्ने र गाउँमै कर्म गर्ने प्रेरणा दिन सक्छ । कृषि, संस्कृति र पर्यटनलाई समायोजन गरेर सन्तुलित विकासको बाटो खोल्न सकिन्छ । यसका लागि स्थानीय सरकार, समुदाय, नागरिक समाज र निजी क्षेत्रबीच सशक्त साझेदारी अपरिहार्य छ ।

निष्कर्षमा भन्नुपर्दा, ग्रामीण पर्यटन केवल मनोरञ्जनको माध्यम मात्र नभई गाउँको आर्थिक विकास, रोजगारी सिर्जना र सामाजिक रुपान्तरणको सारथी बन्न सक्छ । उचित योजना, पूर्वाधार, क्षमता विकास र लगानीसहित ग्रामीण पर्यटनलाई प्रवर्द्धन गर्न सके नेपालको समृद्धिमा टेवा पुऱ्याउने दीर्घकालीन स्रोत बन्नेछ ।

# नबिल बैंक लिमिटेड, केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार काठमाडौंको गैह्र बैंकिङ सम्पत्ति लिलामबिक्री सम्बन्धी सूचना

**(प्रकाशित मितिः २०८२/०२/२८)**

यस बैंकको आफ्नो स्वामित्वमा रहेको तपसिलमा उल्लेखित गैह्र बैंकिङ सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रमार्फत बिक्री गरिने हुँदा सो सम्पत्ति खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाबाट निम्न लिखित शर्तहरुको अधिनमा रही आफूले के कति मूल्य तिरि लिन चाहेको हो सो मूल्य खोली यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा शीलबन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित आव्हान गरिएको छ ।

**तपसिल**

**यस बैंकको नाममा दर्ता कायम रहेको गैह्र बैंकिङ सम्पत्तिको विवरण**

| क्र.सं. | जिल्ला | न.पा/गा.वि.स | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १. | काठमाडौं | काठमाडौं म.न.पा, सुकेधारा | ४ | ११ | १८६.६० वर्ग मिटर(घर समेत) |
| २. | नुवाकोट | कल्यानपुर गा.वि.स, अजिंगरे | १ | २९,३०,३४ र १००६ | ४५१४.९८, २४४०.२९, ८३४.५९ र २७.८३ वर्ग मिटर |
| ३. | नुवाकोट | त्रिशुली गा.वि.स, राईसिंह | १ | १४४० र १५५३ | १०९.२९ र १८२.८० वर्ग मिटर |
| ४. | नवलपरासी (वर्दघाट सुस्ता पूर्व) | प्रगतिनगर गा.वि.स, देवचुली | ३ग | ९७९, ९५३, ९७५ र ९७७ | क्रमशः ०-४-१३-०, ०-२-१८-०, ०-१-१५.५-० र ०-१-४-० विगाहा (घर समेत) |
| ५. | चितवन | देवौली गा.वि.स, टिकौली | ९ | २००७, १११५ र १११६ | क्रमशः ४३६.७०, ११००.५४ र ११००.५४ वर्ग मिटर |
| ६. | काठमाडौं | काठमाडौं म.न.पा | १० | ३७४ | ०-४-०-० रोपनी |
| ७. | काठमाडौं | काठमाडौं म.न.पा | १० | २, १६७, ६ र ३ | क्रमशः ०-२-२-१, ०-४-१-२, ०-८-०-० र ०-८-०-० रोपनी (घर समेत) |
| ८ | काठमाडौं | गागलफेदी गा.वि.स, सुवेदी गाउँ | ४ | ५१६ | १-९-३-० रोपनी |
| ९. | काठमाडौं | गोठाटार गा.वि.स., अमरसिंह चोक | ५ | ७५ | ०-९-०-० रोपनी |
| १० | काठमाडौं | गोठाटार गा.वि.स., हरहर महादेव | ५ | ६१ | ०-१२-२-० रोपनी |
| ११ | काठमाडौं | काठमाडौं म.न.पा, मैजुबहाल | ७ | ६४ | १-०-३-१ रोपनी(घर समेत) |
| १२ | झापा | पाराखोपी गा.वि.स, खुदनाबारी | ४ | ३८५४, ३८३७, ३८६९, ३८५३, ३८३६, ३८६८, ३८५२, ३८३५, ३८६७, ३८५१, ३८३४, ३८६६, ३८७५, ३८६०, ३८७६ | क्रमशः ०-०-१९.५-०, ०-१-०.२५-०, ०-१-१.५-०, ०-१-२.२५-०, ०-१-२.५-०, ०-१-३.५-०, ०-१-४.७५-०, ०-१-५.५-०, ०-१-६.२५-० , ०-१-७.५-०, ०-१-८.२५-०, ०-१-८.७५-०, ०-१-०-०, ०-१-०-०, ०-१-०-० विगाहा |
| १३ | दोलखा | चरीकोट गा.वि.स, मकैबारी | ५ | ८२५ | २९२५ वर्ग मिटर |
| १४ | ललितपुर | सैंबु गा.वि.स, भैसेपाटी | ३ | ३७५ | १-१५-०-० रोपनी (घर समेत) |
| १५ | काठमाडौं | काठमाडौं म.न.पा, छाउनी | १३ | १७४ | ६३८ वर्ग मिटर |
| १६ | सिराहा | लभटोली गा.वि.स, बन्दिपुर | ५ख | ३००, ३१८६ र ३१८७ | क्रमशः ०-०-६-०, ०-०-१७-०, र ०-०-६-० विगाहा |
| १७ | धनुषा | जनकपुर म.न.पा | १ | ६५ | ०-०-१५-१ विगाहा (घर समेत) |
| १८. | धनुषा | सुगामधुकरी गा.वि.स | ३ | ५४५ | ०-७-१०³⁄⁴-० विगाहा |
| १९. | सप्तरी | राजविराज न.पा, कुनौली टोल | ८ | ९२/२ | ०-०-८¹⁄² विटौरी (घर समेत) |
| २०. | सप्तरी | राजविराज न.पा | ६ | २९१३ | ०-०-१०.५-० विघा (घर समेत) |
| २१. | मोरङ | बयरवन गा.वि.स. | ६ घ | ३५२ | ०-५-१५-० विगाहा (घर समेत) |
| २२. | सुनसरी | खनार गा.वि.स. | ५ क | ७९९ र ९६९ | क्रमशः०-३-५-० र ०-१-५-० विगाहा (घर समेत) |
| २३. | मोरङ | तेतरीया गा.वि.स | ७ख | ४१२, ७७८, ७७९, ४०३, २८ र ७७२ | क्रमशः ०-९-८-०, ०-१०-०-०, ०-१०-०-०, १-१-५-०, ०-१८-१५-० र ०-१-१९-० विगाहा |
| २४. | भोजपुर | भोजपुर गा.वि.स, भोजपुर बसपार्क | ३ | १८११ | ०-५-३-० रोपनी |
| २५. | भोजपुर | भोजपुर गा.वि.स, देउराली | १ | ३३१ | १-१५-३-० रोपनी |
| २६. | भोजपुर | गुप्तेश्वर गा.वि.स, दावा | ६ | १८३, २६६ र २६७ | क्रमशः२-६-२-०, ४-११-०-३ र ९-१०-३-० रोपनी |
| २७. | पर्सा | मधुवन मथौल गा.वि.स सखवल टोल | १ | ४१४ | २-२-१५-० विगाहा |
| २८. | पर्सा | मधुवन मथौल गा.वि.स सखवल टोल | २ | ८० | ५-१६-०-० विगाहा |
| २९. | पर्सा | मधुवन मथौल गा.वि.स सखवल टोल | २ | ६४३ र ६४४ | क्रमशः ०-३-१०-० र १-८-२-१२ विगाहा (घर समेत) |
| ३०. | दार्चुला | खलंगा गा.वि.स., वांगा बगर | ५ | ३४५ | ०-४-१-२ रोपनी(घर समेत) |
| ३१. | दार्चुला | खलंगा गा.वि.स., खलंगा बजार | ५ | १११९ | ०-५-०-० रोपनी(घर समेत) |
| ३२. | सुनसरी | धरान उ.म.न.पा., लोकपथ, धरान फुटसल | ८ | ८२० | ०-०-१५-० विगाहा (२५३.९४ वर्ग मिटर)(घर समेत) |
| ३३. | काठमाडौं | गोठाटार गा.वि.स/न.पा. | ९ | ४५६ र ४६९ | ४२३.३८ र ९५६.६३ वर्ग मिटर |
| ३४. | काठमाडौं | सरस्वती गा.वि.स, भूतखेल टोखा | ६ | २४१, २३४ र २३६ | ५१.६०, १ र ४२.८० वर्ग मिटर (घर समेत) |
| ३५. | मोरङ्ग | बयरवन गा.वि.स. | ९ ष | १०४ र ६६८ | ०-११-०-० र ०-१६-०-० विगाहा |
| ३६. | काभ्रेपलाञ्चोक | नासिका स्थान साँगा गा.वि.स, पूल बजार, बनेपा | ६ | ११८१ | ०-६-१-० रोपनी (१९८.६९ वर्ग मिटर) (घर समेत) |
| ३७. | दोलखा | चरिकोट गा.वि.स. | २ | ४५९८ र ४६६० | क्रमशः १२६ र ७०० वर्ग मिटर |
| ३८ | दोलखा | चरिकोट गा.वि.स., पुष्पलाल चोक | २ | १२११, ६०३ र १५९ | ५४९५, १३०० र १४६० वर्ग मिटर |
| ३९. | बाँके | बाघेधरी गा.वि.स | ५ | २१७ र २८९ | क्रमशः ५१५ र ५६० वर्ग मिटर |
| ४०. | मकवानपुर | पदमपोखरी गा.वि.स. | ९ | २७३७ | ०-७-१६ विगाहा |
| ४१. | झापा | चन्द्रगढी गा.वि.स, दुर्गा मन्दिर | ५ | १६५० र २०९१ | क्रमशः ०-५-१८-० र ०-२-१६-० विगाहा |
| ४२. | झापा | गैरादह गा.वि.स, बेलडाँगी | १ | २५२३ र २५२५ | क्रमशः ३४९६.३८ र ६८६३ वर्ग मिटर |
| ४३. | मोरङ | लखान्तरी गा.वि.स, झोरहाट | २ | ४३, २२७, ४२ र १३८ | क्रमशः १००.००, १३७१.३५, १४७०.०० र ९५५ वर्ग मिटर (घर समेत) |
| ४४. | झापा | दमक न.पा, पश्चिम बस स्टेशन | १४ | १२ | ३७७.८८ वर्ग मिटर (घर समेत) |
| ४५. | मोरङ | मधुमल्ला गा.वि.स, किसान चोक | ९च | ११८१ र ११८२ | ०-२-०-० र ०-२-०-० विगाहा |
| ४६. | मोरङ | मधुमल्ला गा.वि.स, किसान चोक | ९च | २२८१ र २२३१ | ०-०-४-० र ०-०-१६-० विघा (घर समेत) |
| ४७. | सिरहा | असनपुर गा.वि.स, गोलबजार | ६क | २५८१ र २५८२ | ०-०-१०-० र ०-०-१५.७५-० विघा (घर समेत) |
| ४८. | सिरहा | असनपुर गा.वि.स | ६क | १००८ | ०-०-१०-० विघा (घर समेत) |
| ४९. | सप्तरी | राजविराज न.पा हिमालय टोल | ५क | १६८० | ०-०-१०-० विघा (घर समेत) |
| ५०. | सिरहा | असनपुर गा.वि.स, गोलबजार | १ख | १४६२, १४६३ र १४६६ | ०-०-११-०,०-०-११-० र ०-४-१०-० विघा |
| ५१. | झापा | गरामनी गा.वि.स | ७ | १०९६ | ०-१०-० विगाहा |
| ५२. | सुर्खेत | जर्बुटा गा.वि.स, सुर्खेत एयरपोर्ट | ४ | ३२०३ | १-११-१७-१ विगाहा |
| ५३. | बर्दिया | वगनाहा गा.वि.स, सैनावार | ८ | ६५९ | ०-११-१९.७५ विगाहा |
| ५४. | रुपन्देही | सिद्धार्गनगर न.पा, डाँडाखोला बेलिहिया | १ | २८३, २८४, २४० र ६३३ | ०-१-५, ०-१-०, ०-१-० र ०-१-० विगाहा |
| ५५. | रुपन्देही | हाटिवनगाई गा.वि.स, शिव मन्दिर | ४क | ११२१ | १६९.३२ वर्ग मिटर |
| ५६. | रुपन्देही | हाटिवनगाई गा.वि.स, शिव मन्दिर | ४क | ११२८ | १६९.३२ वर्ग मिटर(घर समेत) |
| ५७. | रुपन्देही | बसन्तपुर गा.वि.स, पननि चोक | २ख | १०६१, ८९८, ५८, ९७३, ९७२, ५६२, ५६३, ४३, ७३१, ४८, ४९, ४० र ४२ | कमशः ०-०-५.५, ०-०-७.५, ०-१-२, ०-०-१९.५, ०-०-१९.५, ०-१-५, ०-१-५, ०-२-१, ०-१-०, ०-०-११, ०-१-२, ०-१-१९ विघा र २५३.९४ वर्ग मिटर |
| ५८. | रुपन्देही | बसन्तपुर गा.वि.स, पननि चोक | २ख | ५०, ५१, ७३२ र १२७९ | ०-०-०-११, , ०-०-७-०, ०-१-०-० र ०-४-२-० विघा |
| ५९. | रुपन्देही | बसन्तपुर गा.वि.स, पननि चोक | २ख | ८२३, ११११ र १११२ | कमशः ०-२-५, ०-१-१७.२५ र ०-१-८.५ विघा |
| ६०. | रुपन्देही | मधुवनी गा.वि.स लुम्बिनी पूर्व गेट | ६ | ७१३ र ७१४ | ०-३-७ र ०-१-१७ विघा |
| ६१. | रुपन्देही | धकधई गा.वि.स, धकधई रोड | ३ | १५९, १४४ र १४५ | ०-१-१६, ०-१-१४ र ०-१-१० विघा |
| ६२. | रुपन्देही | हाटिवनगाई गा.वि.स, बससितौला | ७ | १५७० र १२८९ | ०-०-६ र ०-२-११ विघा |
| ६३. | रुपन्देही | बसन्तपुर गा.वि.स, पनानी चोक | २ | ७५१ | ०-१-८ विघा |
| ६४. | रुपन्देही | बसन्तपुर गा.वि.स पनानी चोक | २ | ७३५ | ०-०-८ विघा |
| ६५. | रुपन्देही | बसन्तपुर गा.वि.स, बालपुर | २ | ७३१ | ०-१-७ विघा (घर समेत) |
| ६६. | रुपन्देही | बसन्तपुर गा.वि.स बालपुर | २ | ७१३ | ०-०-१.५ विघा |
| ६७. | रुपन्देही | बसन्तपुर गा.वि.स बालपुर | २ | ५६७ | ०-०-९ विघा |
| ६८. | रुपन्देही | पडसरी गा.वि.स | ३ क | ८५ | ४-१-६ विघा |
| ६९. | रुपन्देही | सिद्धार्थनगर न.पा, पिपरिया चोक | ६ | ९५ | १०४९.२० वर्ग मिटर |
| ७०. | रुपन्देही | सिद्धार्थनगर न.पा, बुद्ध चोक | ८ | १२७ | ३७८.४५ वर्ग मिटर (घर समेत) |
| ७१. | रुपन्देही | मनपकडी गा.वि.स, मर्चवार | ३ | ९३८ | १५७२.५० वर्ग मिटर |
| ७२. | रुपन्देही | मनपकडी गा.वि.स, मर्चवार | ३ | ९४४ | ३५२५ वर्ग मिटर |
| ७३. | रुपन्देही | मनपकडी गा.वि.स, मर्चवार | ३ | २७४ | १५० वर्ग मिटर |
| ७४. | रुपन्देही | मनपकडी गा.वि.स, मर्चवार | ३ | २५२ | १२४० वर्ग मिटर |
| ७५. | रुपन्देही | मनपकडी गा.वि.स, मर्चवार | ३ | ३८३ | १०९० वर्ग मिटर |
| ७६. | रुपन्देही | सिद्धार्गनगर न.पा | ४ | २०३, २८५ र २८३ | ०-१-०, ०-५-० र ०-०-४.५ विघा |
| ७७. | रुपन्देही | भगवानपुर गा.वि.स | ५ | १५३ | ३७५८.९० वर्ग मिटर |
| ७८. | रुपन्देही | धकधई गा.वि.स | ३ | १५०, ६५४, ६५६ र १५१ | १११७.३२, २३२.८१, १०१५.९२ र १३०३.५५ वर्ग मिटर |
| ७९. | चितवन | देवौली गा.वि.स, शान्ति चोक | १घ | २०९०, २०९१, १९५४ र १९५८ | क्रमशः ६७७.२६, १६८०.४२, १८७०.९२ र १७९०.५० वर्ग मिटर |
| ८०. | रुपन्देही | मोतिपुर गा.वि.स, रानीगंज चोक | २ ग | ४२७, ४२९ र ४३२ | २०३.१८, ५४१.८२ र ९५८.१९ वर्ग मिटर (घर समेत) |
| ८१. | रुपन्देही | मोतिपुर गा.वि.स, रानीगंज चोक | २ ग | ४२६, ४२८ र ४६० | क्रमशः २०३.१८, ६४३.४२ र ५०७.९६ वर्ग मिटर |
| ८२. | काठमाडौं | काठमाडौं म.न.पा, बाफल | १३ | ५५, ५६, ९२ र ३२८ | क्रमशः १३१, ८४.००, २३.०० र १११.२९ वर्ग मिटर (घर समेत) |
| ८३. | मकवानपुर | टिष्टङ्ग गा.वि.स | ५ | १३१७ | ५-०-१-० रोपनी |
| ८४. | मोरङ | दर्वेशा गा.वि.स | ८ङ | ६०७, ६०९, ६०५, ११५, १७५, १७८, १७३ र १७४ | क्रमशः ०-०-१२-०, ०-१-०-०, ०-०-१५-०, ३-५-८-२, ३-९-१-२, ०-३-१३-०, ०-५-६-२ र ०-१९-२-२ विगाहा |
| ८५. | सुनसरी | ईटहरी उप-महानगरपालिका | ४ग | २२११ | ०-०-८¹⁄² विघा (घर समेत) |
| ८६. | सुनसरी | ईटहरी उप-महानगरपालिका, माथिल्लो गैसार | ७ | ७३६७ | ०-०-१० विघा |
| ८७. | सुनसरी | हाँसपोसा गा.वि.स, वालग्राम | ८ | २७९० र २७९२ | २२८.५८ र २१.१६ वर्ग मिटर |
| ८८. | मोरङ | थलाहा गा.वि.स, तकिया | १ | ३८१, ५४७, ५४८, ७७२ र ७७५ | ३०४७.६७, ३०९८.४६, ३३३५.४८, १६०८.४७, २३७०.४१ वर्ग मिटर (घर समेत) |
| ८९. | रुपन्देही | बुटवल न.पा, पूर्व कालिकानगर, शंकर मान मार्ग | १२ | १०९ | ८४.६५ वर्ग मिटर |
| ९०. | रुपन्देही | बुटवल न.पा, पूर्व कालिकानगर, शंकर मान मार्ग | १२ | १११ | २२९.५५ वर्ग मिटर |
| ९१. | रुपन्देही | बुटवल न.पा, पूर्व कालिकानगर, शंकर मान मार्ग | १२ | ४४ | १९८.९३ वर्ग मिटर (घर समेत) |
| ९२. | रुपन्देही | बुटवल न.पा, | ६ | १६४ | १६४.३५ वर्ग मिटर |
| ९३. | रुपन्देही | बुटवल न.पा, पूर्व कालिकानगर, शंकर मान मार्ग | १२ | ११२ | १६२.२० वर्ग मिटर |
| ९४. | रुपन्देही | बुटवल न.पा, पूर्व कालिकानगर | १२ | ५० र ११० | कमशः ९७.९२ र ५९.४० वर्ग मिटर (घर समेत) |
| ९५. | नवलपरासी (बर्दघाट सुस्ता पिश्चम) | भुजहवा गा.वि.स | ८ र ९ | २९७ र ४५४ | कमशः १-०-०-० र २-९-१६-० विघा(घर समेत) |
| ९६. | चितवन | वीरेन्द्रनगर गा.वि.स, वानग्रुप | ६ ख | ७४३, ७४४ र ४३७ | १२८६.९७, ५८२४.२७ ७ ५४१८.०८ |
| ९७. | चितवन | हाजीपूर गा.वि.स, ज्यामिरे | ७ क | ३०२७ | १६९३.१५ वर्ग मिटर |
| ९८. | चितवन | चैनपुर गा.वि.स, लदरि टाईम पास चोक | ८ | २०५, ४१६, ४२१, ४८० र ४८२ | कमशः ०-७-१८, ०-०-१२, ०-०-१४, ०-७-० र ०-२- ६ विघा(घर समेत) |
| ९९. | चितवन | चैनपुर गा.वि.स | २ ग | २१ | २-९-०-० विघा |
| १००. | चितवन | पञ्चकन्या गा.वि.स | ८ ग | ५९०, ७०५ र ७०६ | कमशः ०-२-१, ०-०-१०, र ०-२-० विघा( घर समेत) |
| १०१. | चितवन | जुटपानी गा.वि.स | २ ख | ७३० | ०-७-१४.५ विघा (घर समेत) |
| १०२. | चितवन | पिठुवा गा.वि.स | ६ | २५९७ | ०-०-८.५ विघा |
| १०३. | नवलपरासी (वर्दघाट सुस्ता पूर्व) | वेनीमनीपुर गा.वि.स | ७ | ८५८, १०३१, १९३३, १७४१ र १७४० | २२८५.४४, ४०१७.११, १०१.५९, ६९२५.१८ र १६९३.२० वर्ग मिटर (घर समेत) |
| १०४. | नवलपरासी (वर्दघाट सुस्ता पूर्व) | वेनीमनीपुर गा.वि.स | ७ | ११५७ | ५६३७.४१ वर्ग मिटर |
| १०५. | बाँके | नेपालगंज नगरपालिका, न्यूरोड | २ | ७० | ८६० वर्ग मिटर (घर समेत) |
| १०६. | बाँके | सितापुर गा.वि.स/न.पा. | ७ | २८२, २९१, ५९४, ५९५ र ८७७ | ४५४५, ४३३०, २१८५, २१८५ र १३५४.५२ वर्ग मिटर |
| १०७. | झापा | दमक नगरपालिका | १८ | ४५३ र ४७० | १०,६५० र ४५७.६६ वर्ग मिटर (घर समेत) |
| १०८. | ललितपुर | ललितपुर उ.म.न.पा, मानभवन | ५ | ९७६ | १-०-०-० रोपनी (घर समेत) |
| १०९. | ललितपुर | ललितपुर उ.म.न.पा, खुमल्टार | ५ | ५४७ | ०-६-२-० रोपनी |
| ११०. | काठमाडौं | सितापाईला गा.वि.स/न.पा. | १ | २४ | १०१.७ वर्ग मिटर(घर समेत) |
| १११. | चितवन | मेघौली गा.वि.स/न.पा. | ९ | ५ र २२२ | ०-१९-१९-० र ०-१-७-० विघा |
| ११२. | ललितपुर | ललितपुर उ.म.न.पा, महालक्ष्मीस्थान | ५ | ४०५ र ४०७ | ०-०-२-० र १-८-३-० रोपनी |
| ११३. | रुपन्देही | मधवलिया गा.वि.स/न.पा. कोटीहवा चोक | ४ | १३३० | ०-०-१५ विगाहा |
| ११४. | कपिलवस्तु | वीरपुर गा.वि.स./न.पा | ५क | ११६१ | ०-४-८ विगाहा |
| ११५. | कपिलवस्तु | वीरपुर गा.वि.स./न.पा | ५क | ११५६, ११५८ र ११६० | ०-२-१२-०, ०-७-३-१ र ०-४-७-३ विगाहा (घर समेत) |
| ११६. | काठमाडौं | काठमाडौं म.न.पा, गुहेश्वरी | ८ | १५९, ३३२ र ३३५ | कमशः ३५.७८, ९१.४० र ३५.७७ वर्ग मिटर (घर समेत) |
| ११७. | झापा | गरामनी गा.वि.स | ९ | ११ र १२ | ४४०५ र ९७६० वर्ग मिटर |
| ११८. | ललितपुर | ललितपुर उ.म.न.पा, जुपीटर मार्ग | ५ | ३३४ | ०-५-१-० रोपनी (घर समेत) |

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम नबिल बैंक लिमिटेडको **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**बाट कार्यालय समय भित्र खरिद/प्राप्त गर्न सकिनेछ ।

२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र अर्थात मिति २०८२/०३/११ गते बुधबार ५:०० बजे (बैकिंङ्ग समय)भित्र यस बैंकको **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा बुझाई सक्नु पर्नेछ ।

३. प्राप्त बोलपत्रहरु मिति २०८२/०३/१२ गते विहिबार दिनको ३:०० बजे बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिति नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।

४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्तदिनको ३:०० बजे(बैकिंङ्ग समय)भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन दिउसो ३:०० बजे बोलपत्र खोलिनेछ ।

५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । एक भन्दा बढी सम्पत्ति विक्रीको हकमा बोलपत्र पेश गर्दा कुनकुन सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।

६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखामा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/गुड फर पेमेन्ट चेक/ मेनेजर/बैंकर्स चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन ।

७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकको सूचना पाएको मितिले १५(पन्ध्र)दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै,उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफतगर्न सक्नेछ ।

८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति/फर्म/कम्पनी/संस्था स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।

९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धीकार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुर्‍याई दर्ता हुन आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।

११. इच्छुक व्यक्ति/फर्म/संस्थाले बैंकको कर्जा असुली विभागमा सम्पर्क गरी बोलपत्र फारम लिन सक्नुहुनेछ ।

१२. लिलालबिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।

NABIL BANK®

प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

# वर्षौंदेखि पुल निर्माण कार्य अलपत्र, डुंगामा यात्रा गर्न बाध्य



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २७ जेठ

वर्षौंदेखि अधुरो रहेको सर्लाही र रौतहट जोड्ने बागमती खोलाको पुल नबन्दा जनजीवन कष्टकर बनेको छ । हुलाकी राजमार्गअन्तर्गत दुर्गा भगवती गाउँपालिका-५ स्थित खोलामा पुल निर्माण रोकिएको वर्षौं बितिसक्दा पनि जिम्मेवार निकाय मौन छन् ।

पुल नहुँदा बर्खाको समयमा बागमती खोला तर्नु यात्रुहरूका लागि सास्तीको विषय बनेको छ । पानीको बहाव बढ्ने बित्तिकै यात्रुहरू ज्यान जोखिममा पारेर डुंगाको सहारामा वारपार गर्न बाध्य छन् । यता डुंगा सेवा पनि पर्याप्त छैन भने सुरक्षा प्रबन्ध कमजोर हुँदा दुर्घटनाको जोखिम झनै बढेको छ ।

स्थानीय कृषकहरू उत्पादन भएका अन्नबाली बजारसम्म पु¥याउन समस्यामा परेका छन् । स्वास्थ्य समस्या भएका बिरामीहरूलाई उपचारका लागि लैजानसमेत ठूलो चुनौती हुने गरेको छ । बाढीको समयमा एम्बुलेन्स त के पैदल जानसमेत नसकिने अवस्था हुने गरेको स्थानीयको भनाइ छ ।

'हरेक चुनावमा पुल बनाउने आश्वासन सुनिन्छ, तर काम कहिल्यै अघि बढ्दैन,' स्थानीय बासिन्दा बताउँछन् । स्थानीय सरकारमार्फत पटक-पटक ध्यानाकर्षण गराइए पनि संघीय सरकारको बेवास्ताका कारण पुलको काम अघि नबढेको स्थानीयको आरोप छ ।

# अनुमतिबिना कस्मेटिक सामग्री बिक्री गर्ने पक्राउ



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २७ जेठ

कतारमा रहेर सामाजिक सञ्जालको प्रयोग गर्दै अनुमति बिना कस्मेटिक सामग्री बिक्री गर्ने २ जनालाई पक्राउ गरी कारबाही गरिएको छ ।

अवैधानिक रूपमा बिना अनुमति पत्र कस्मेटिक सामग्री बिक्री गर्ने २ जना प्रवासी नागरिकलाई स्वास्थ्य मन्त्रालयले प्रशासनसँगको समन्वयमा पक्राउ गरेको हो । सामाजिक सञ्जालमा बिना लाइसेन्सका विभिन्न प्रकारका कस्मेटिक सामानको विज्ञापन गर्ने र बिक्री गर्ने व्यक्तिहरूलाई पक्राउ गरिएको मन्त्रालयले जनाएको छ । पक्राउ परेकाहरूको थप अनुसन्धान पश्चात् उनीहरूको देशमा फिर्ता पठाइएको छ । मन्त्रालयले अनलाइनबाट बिक्री गरिने सबै सामग्री खरिद नगर्न अनुरोध समेत गरेको छ । मन्त्रालयले लाइसेन्स र बिक्री अनुमति प्राप्त सामग्री मात्र प्रयोग गर्न र खरिद गर्न आग्रह गर्दै कतारको स्वास्थ्य मन्त्रालय नागरिकको स्वास्थ्यप्रति संवेदनशिल रहेको जनाएको छ । कतारमा कसैले दिँदै गैरकानुनी रूपमा त्यस्ता सामग्री बिक्री गरेको पाइए सूचना दिन समेत आग्रह गरिएको छ ।

## काठ/दाउरा लिलाम बिक्री वितरण २१ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०२/२८ गते**

जिल्ला कैलाली घोडाघोडी नगरपालिका वडा न ५ मा रहेको यस सा.व.उ.स.को वन क्षेत्रबाट आर्थिक वर्ष २०८१/२०८२ मा संकलन भएर सामुदायिक वन उपभोक्ता समूहको कम्पाउण्डमा घाटगद्दी गरी राखिएको साल ७३ थान गोलिया ५७८.५४ क्युफिट, अस्ना २४ थान गोलिया २८९१० क्यु. फिट, सिसौ ६० थान गोलिया १९५.८ क्यु फिट, खयर ४४ थान १३५.१५ जम्मा २०१ गोलिया ११९८.५९क्यु फिट, सालको दाउरा १ चट्टा, मिश्रित दाउरा १ चट्टा, सिसौ ०.५ दाउरा, काठ/दाउरा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना पहिलोपटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री फुलावारी सामुदायिक वन उपभोक्ता समूह**
**घोडाघोडी नगरपालिका वडा ५, कैलाली**

## काठ/दाउरा लिलाम बिक्री वितरण २१ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०२/२८ गते**

जिल्ला कैलाली घोडाघोडी नगरपालिका वडा न ९ मा रहेको यस सा.व.उ.स.को वन क्षेत्रबाट आर्थिक वर्ष २०८१/२०८२ मा संकलन भएर सामुदायिक वन उपभोक्ता समूहको कम्पाउण्डमा घाटगद्दी गरी राखिएको साल ५६ थान गोलिया २७१.७५क्युफिट, अस्ना ५थान गोलिया १०८.२७ क्यु. फिट, सिसौ ४८६ थान गोलिया २३८५.७४ क्यु फिट, खयर ६११ थान गोलिया २०९७.६३, हल्दु २५ थान गोलिया, जामुन ४७ थान गोलिया ३१९.२४, अन्य १७ थान गोलिया १०६.६६ क्यु फिट जम्मा १२४७ गोलिया ५४५९.५४ क्यु फिट काठ, सालको दाउरा १ चट्टा, मिश्रित दाउरा १.५ चट्टा, सिसौ ६ चट्टा दाउरा, काठ/दाउरा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना पहिलोपटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री जन्ता सामुदायिक वन उपभोक्ता समूह**
**घोडाघोडी नगरपालिका वडा ९ कैलाली**

## काठ/दाउरा लिलाम बिक्री वितरण २१ दिने सुचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०२/२८ गते**

जिल्ला कैलाली घोडाघोडी नगरपालिका वडा नं ४ मा रहेको यस सा.व.उ.स.को वन क्षेत्रबाट आर्थिक बर्ष २०८१/२०८२ मा संकलन भए र सामुदायिक वन उपभोक्ता समूहको कम्पाउण्डमा घाटगद्दी गरी राखिएको साल ४२ थान गोलिया ३४९ क्यु.फिट, अस्ना २३ थान गोलिया २५४.५३ क्यु.फिट, धौठी ५ थान गोलिया जम्मा ७० गोलिया ६४६.७ क्यु.फिट काठ जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री यामुना सामुदायिक वन उपभोक्ता समूह घोडाघोडी नगरपालिका वडा ४, कैलाली**

## काठ/दाउरा लिलाम बिक्री वितरण २१ दिने सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/२/२८ गते**

जिल्ला कैलाली घोडाघोडी नगरपालिका वडा नं.४ मा रहेको यस सा.व.उ.स.को वन क्षत्रबाट आर्थिक वर्ष २०८१/२०८२ मा संकलन भएर सामुदायिक वन उपभोक्ता समूहका कम्पाउण्डमा घाटगद्दी गरी राखिएको साल ९४ थान गोलिया ७६५.५२ क्यु.फिट, अस्ना १३ थान गोलिया १८१.९८ क्यु.फिट, जम्मा १०७ गोलिया ९४७.८३ क्यु.फिट काठ सालको दाउरा १ चट्टा, मिश्रित दाउरा ०.५ जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री बृन्द्रा सामुदायिक वन उपभोक्ता समूह**
**घोडाघोडी नगरपालिका वडा ४, कैलाली**

## धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको २१ दिने सूचना

प्रकाशित मिति : २०८२/०२/२८ गते

यस माछापुच्छ्रे बैंक लि. परासी शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/ब्यापार, ब्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८२/०१/१२ गतेको आर्थिक राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक ब्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईसौं) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाईसौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी/संचालक/प्रोप्राइटर तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी/संचालक/प्रोप्राइटर तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न समेत विशेष अनुरोध गरिन्छ ।

**तपसिल**

**ऋणीको नाम, ठेगाना**

प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी (ब.सु.प.) मा प्राइभेट फर्म दर्ता ऐन, २०७६ बमोजिम दर्ता कायम रहेको **सोनु सुरज गल्ला भण्डार** ।
दर्ता नं. ३११/४०७२/०६९, दर्ता मिति : २०६९/०६/०९, पान नं. ६०६४७८३१५, दर्ता मिति : २०७४/०५/१४
ठेगाना : नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १५, **प्रोप्राइटर : इन्द्रवती बनिया**

**व्यक्तिगत जमानतकर्ताहरू**

| | |
|---|---|
| **१. इन्द्रवती बनिया**<br>ना.प्र.नं. ५३७३६,<br>जारी मिति : २०५७/०२/०१<br>बाबु : चिन्नी बनिया<br>पति : चन्द्रभान वनिया, ससुरा : मोहनलाल वनीया<br>ठेगाना : नवलपरासी जिल्ला, सुक्रौली गा.वि.स. वडा नं. ४<br>हाल : नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १५ | **२. सोनु कुमार अग्रहरी**<br>ना.प्र.नं. ३६-०१-७०-१०६४१, जि.प्र.का. नवलपरासी<br>जारी मिति : २०७०/०५/०६<br>बाबु : चन्द्रभान वनिया<br>बाजे : मोहनलाल वनीया<br>ठेगाना : नवलपरासी जिल्ला, सुक्रौली गा.वि.स. वडा नं. ४<br>हाल : नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १५ |

**३. सुरज कुमार अग्रहरी**
ना.प्र.नं. ३६-०१-७१-०५२०७, जि.प्र.का. नवलपरासी, जारी मिति : २०७१/०९/०३
बाबु : चन्द्रभान वनिया, बाजे : मोहनलाल वनीया
ठेगाना : नवलपरासी जिल्ला, सुक्रौली गा.वि.स. वडा नं. ४, हाल : नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १५

**धितोमा रहेको सम्पत्तिको विवरण**

१. मोहनलाल वनीयाको बुहारी, चन्द्रभान वनियाको पत्नी, नवलपरासी जिल्ला, सुक्रौली गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १५ बस्ने इन्द्रवती बनियाको नाममा मालपोत कार्यालय परासी, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) मा दर्ता कायम भएको नवलपरासी जिल्ला, सुकरौली गा.वि.स. वडा नं. ५/क स्थित कि.नं. ५३५ को क्षेत्रफल ०-७-२-० (वि.क.धु.क.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
२. ऋणी सोनु सुरज गल्ला भण्डारले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरू**

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ । म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ । सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ ।
४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने बराबर धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक/"क" वर्गको बैंकबाट जारी गरिएको बैंक जमानत समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ । उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ । लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/विजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ ।
११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ । धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन ।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन । साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन ।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**पुनश्च :** उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैंले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरवाजुर गर्न पाउनुहुने छैन ।

| **बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान :** | **बोलपत्र खोलिने मिति, समय र स्थान :** |
|---|---|
| २०८२/०३/१७ मंगलबार कार्यालय समय सम्म<br>शाखा कार्यालय, परासी | २०८२/०३/१८ बुधबार दिनको ३:३० बजे<br>शाखा कार्यालय, परासी |

**माछापुच्छ्रे बैंक**
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, परासी

## युएईमा रोजगार

कम्पनीः **B AND J MAINTENANCE AND CLEANING** — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०२/२३ — चलानी नं.: ६०२३९३२२ — LT. No.: 325320

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 5 | 13 | स. काममा दक्ष | 1200 | ४४,६६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः **HIAM ALLAYL TECHNICAL SERVICES** — शहरः DUBAI
पूर्व स्वीकृत मितिः २०८२/०२/२७ — चलानी नं.: ६०२३९३२१ — LT. No.: 325321

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,६६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason. | 10 | 0 | | 1200 | ४४,६६४ | | | | | | | |
| 3. | Scaffolder | 10 | 0 | | 1200 | ४४,६६४ | | | | | | | |
| 4. | Steal Fixer | 10 | 0 | | 1200 | ४४,६६४ | | | | | | | |
| 5. | Tile Layer | 10 | 0 | | 1200 | ४४,६६४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ४ गते (18 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

